# स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१

## बारेकोट गाउँपालिका

जाजरकोट, कर्णाली प्रदेश

# विषयसूची

## परिच्छेद १

## परिचय


१.१. पृष्ठभूमि

१.२. विद्यमान नीतिगत र कानूनी व्यवस्था

१.३. कार्यढाँचाको उद्देश्य

१.४. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा प्रक्रिया


## परिच्छेद २

## विपद् र जोखिमको बुझाई


२.१. बारेकोट गाउँपालिकाको सामान्य बिवरण

२.१.१. भौतिक अवस्था

२.१.२. सामाजिक अवस्था

२.२ प्रकोप, सम्मुखता, सँकटासन्नता, क्षमता र जोखिमको विश्लेषण

२.२.१. प्रकोपको विश्लेषण र लक्षित प्रकोप निर्धारण

२.२.२. स्रोतको विश्लेषण

२.२.३. सम्मुखता, सँकटासन्नता र क्षमताको विश्लेषण

२.२.४. जोखिमको विश्लेषण


## परिच्छेद ३

## विपद् तथा जलवायु उत्थानशील योजना


३.१. सोंच, लक्ष र रणनीति

३.२. विपद् जोखिम न्यूनीकरणका उपायहरू

३.२.१. विपद् तथा जलवायु परिवर्तन जोखिम बुझाई

३.२.२. स्थानीय तहमा विपद् तथा जलवायु परिवर्तन जोखिम शासकीय पद्धतिको सुदृढीकरण

३.२.३. उत्थानशील बृद्धिका लागि विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरणमा निजी तथा सार्बजनिक लगानी

३.२.४. प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

३.२.५. पुनर्लाभ, पुनस्थापना र पुनर्निर्माणमा अँझ बलियो र राम्रो

३.२.६. तालीम र क्षमता अभिबृद्धि

३.२.७. बहुप्रकोप पूर्वसूचना प्रणाली

३.२.८. विपद् जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थापन

परिच्छेद ४

कार्यढाँचाको कार्यान्वयन, बजेटको विनियोजन र विकास योजनामा मूलप्रवाहीकरण

४.१. कार्यढाँचाको कार्यान्वयन

४.२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि लगानीको न्यूनतम लक्ष

४.२.१. सरोकारवाला निकायसँग समन्वय

४.२.२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगानी बजेट

४.३. आवधिक र वार्षिक योजनामा मूलप्रवाहीकरण

४.३.१. विपद् व्यवस्थापन कोष

४.३.२. आवधिक\वार्षिक योजनामा मूलप्रवाहीकरण

४.४. अनुगमन, मुल्याङ्कन र सिकाइ

४.४.१. अनुगमन तथा मुल्याङ्कन

४.४.२. सिकाइ र पुनरावलोकन

# परिच्छेद १

## परिचय

### १.१. पृष्ठभूमि

कर्णाली प्रदेश, जाजरकोट जिल्लाको उत्तरीक्षेत्रमा अवस्थित बारेकोट गाउँपालिका २८.५८ देखि २९.०७ उत्तरी अक्षांश र ८१.४६ देखि ८१.५० पूर्वी देशान्तरको दक्षिणपुर्वी मोहडामा फैलिएको छ । यस गाउँपालिको भू-भाग ६१२ मिटर देखि ५४१२ मिटरसम्मको उचाईमा (समुद्री सतहदेखि) अवस्थित छ; जसमध्ये थोरै समथर, अधिकांश पहाड र केहि हिमाली भू-भागमा फैलिएको छ। बारेकोट गाउँपालिकाको पूर्वमा डोल्पा जिल्लाको जगदुल्ला र मट्केचुला गाउँपालिका र जारकोटको नलगाड नगरपालिका पर्दछ भने पस्चिममा जुम्लाकै तातोपानी गाउँपालिका र जाजरकोटको कुशे गाउँपालिका पर्दछ। यसको उत्तरमा जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका र दक्षिणमा जाजरकोटको नलगाड नगरपालिका पर्दछ। नेपाल सरकारको मिति २०७३ फागुण २७ गतेको निर्णयानुसार साबिकका रामीडाँडा, नायकवाडा, सक्ला र रोकाया गाउँ विकास समितिको क्षेत्रलाई समेटेर बारेकोट गाउँपालिका बनेको हो। परंपरागतरूपमा १२ वटा कोट अर्थात सिनाकोट, धौलकोट, रानाकोट, सुवाकोट, तलकोट, चिमकोट, रतनकोट, उनीकोट, दुनीकोट, लम्तीकोट, नयरकोट र चुत्रीकोटको नाममा बिभक्त यहाँको भू-भाग तथा सामाजिक र साँस्कृतिक क्षेत्र अहिले एकीकृत बारेकोट गाउँपालिकाका नाममा परिचित छ।

भौगोलिक बिकटता र ग्रामीण बस्तिमा छरिएर बसोबास गरेको यस गाउँपालिकाको अवस्था विकासोन्मुख छ । यो गाँपालिकामा उल्लेख्यमात्रामा बनजङ्गल, घाँसेमैदान, जडिबुटी, ताल-तलैया, खोलानाला, भिरपखेरा, बगर रहेका छन् । साथै; विश्वमै लोपोन्मुख अवस्थामा रहेको रेडपाण्डा, सुनगिद्ध, कालिज लगायतका पशुपञ्छी यहाँ पाइन्छन्। कृषि र पशुपालनको परंपरागत पेशा रहेको यस गाउँपालिकामा पर्यटन, जलविद्युत, र कृषिजस्ता संभावनाहरू प्रचुर छन्।

यो गाउँपालिकाको केन्द्र लिम्सा देखि नगिचको लोकमार्ग जाजरकोट-डोल्पा खण्डको नलगाडसम्मको रूट २ वटा छन्। एउटा खोला किनारको बाटोबाट २५ किलोमिटर र डाँडाको बाटोको दूरी ३८ किलोमिटर ग्रामीण कच्ची सडक छ । नलगाडदेखि जिल्ला सदरमुकाम खलङ्गा सम्मको दूरी ३९ किलोमिटर र खलङ्गा देखि कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतसम्मको दूरी १३० किलोमिटर रहेको छ। यहाँ नेपाल प्रहरीको ईलाका प्रहरी कार्यालय सिल्पाचौरमा छ भने अन्य ४ संख्यामा प्रहरी चौकी रहेका छन्। लिम्सामा स्वास्थ्य सेवाकेन्द्रका साथै अन्य ९ वटै वडामा १।१ वटा स्वास्थ्य चौकी रहेकाछन् । गाउँपालिकामा आधारभूत बालविकास केन्द्र ९ वटा सञ्चालित छन्। यहाँ आधारभूत तहका विद्यालय ३६ वटा छन्; जसमध्ये कक्षा १ देखि ३ सम्मका ५ वटा, कक्षा १ देखि ५ सम्मका १७ वटा र कक्षा १ देखि

८ सम्मका १४ वटा छन्। त्यसै गरी यहाँ माध्यमिक तहका विद्यालय ८ वटा छन्; ती मध्ये कक्षा १ देखि १० सम्मका ४ वटा, कक्षा १ देखि १२ सम्मका ३ वटा र कक्षा ६ देखि १२ सम्मका १ वटा रहेका छन्। यहाँ अहिलेसम्म उच्चशिक्षा अध्ययनका लागि कुनै शैक्षिक संस्था खुलिसकेका छैनन्। गाउँपालिकाको सामाजिक, आर्थिक र भौतिक विकासका लागी WFP, UNDP, PIN, NSET, HRDC, Panchtara, Sosec Nepal जस्ता गैरसरकारी संघसंस्थाहरूले सहयोग र सहकार्य गरिराखेका छन्। यस गाउँपालिकामा मुख्य जलाधार रहेको नलगाड खोलाबाट ४१७ मेगावाट क्षमताको नलगाड जलविद्युत आयोजना निर्माण प्रक्रियाको क्रममा रहेकोछ । यहाँका अन्य स-साना अयारीखोला, गाग्राखोला, पड्काखोला ए र बी, मच्छेन्द्रखोला, योरेनीखोला, सिम्ताराखोला, भित्रेनीखोला, घट्टेखोलाबाट स-साना जलविद्युत आयोजना सञ्चालित छन्। नलगाड नगरपालिकाबाट बारेकोट हुँदै जुम्लाजिल्ला सम्मको मोटरबाटो जोड्नका लागि प्रयास भैरहेकोछ।

५७७.५ बर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिकामा ३८८७ घरधूरी र २२००५ जनसंख्या (२०७८ को राष्ट्रिय जनगणना अनुसार) रहेकोमा हाल यस गाउँपालिकामा ५५८६ घरधूरीमा २५१३७ जनाको बसोवास रहेको छ।

## १.२. विद्यमान नीतिगत र कानूनी व्यवस्था

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०८१\०१\२१ गते बसेको २२ औं बैठकले विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन स्वीकृत गरी लागु गरे पच्यात हरेक स्थानीय तहले साबिकमा गरी आएका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना र स्थानीय विपद् तथा जलवायु अनुकूलन योजनाको सट्टा अब उप्रान्त स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा गरी अगाडी बढ्नका लागि मार्ग प्रसस्त भएकोछ। उक्त मार्गदर्शनको प्रावधान अनुसार यो कार्यढाँचामा विपद् तथा जलवायु परिवर्तन जोखिम बुझाई, स्थानीय तहमा विपद् तथा जलवायु परिवर्तन जोखिम शासकीय पद्धतिको सुदृढीकरण, उत्थानशील बृद्धिका लागि विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरणमा निजी तथा सार्बजनिक लगानी, प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण, पुनर्लाभ, पुनस्थापना र पुननिर्माणमा अँझ बलियो र राम्रो, तालीम र क्षमता अभिबृद्धि, बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थापन सहित आवश्यक समग्र चरण र कार्यपद्धतिको प्रावधान हुनुपर्ने कुरामा जोड दिईएकोछ।

बारेकोट गाउँपालिकाले पनि बगतदेखि विपद् जोखिम तथा जलवायु परिवर्तन अनुकूलनका क्षेत्रमा केहि नीतिगत प्रावधानहरूको व्यवस्था गरी तिनको कार्यान्वयन गर्दै आएको छ। यहाँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ जारी गरिएको छ । उक्त ऐनको प्रावधान अनुसार स्थानीय र वडा विपद् व्यवस्थापन समितिको गठन गरी तिनलाई क्रियाशिल तुल्याईएको छ। स्थानीय विपद् व्यवस्थापन कोषको गठनका सम्बन्धमा उक्त ऐनमा यथोचित प्रावधान राखि कार्यान्वयन हुँदै आएको अवस्था छ। उक्त कानूनी

प्रावधान र यहाँको धरातलीय यथार्थता अनुसार बारेकोट गाउँपालिकाको स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ जारी गरी यसको कार्यान्वयन हुँदै आएको छ । यहाँको बस्तुस्थितिको अध्ययन, विश्लेषण र संभावित जोखिमको आँकलन सहित बारेकोट गाउँपालिकाको स्थानीय जलवायु अनुकूलन कार्ययोजना (२०७८\७९ देखि २०८२\८३) तर्जुमा गरी कार्यान्वयन गरिंदै आएको छ । उक्त कार्ययोजना कार्यान्वयनका लागि यस गाउँपालिका स्थित विषयगत निकाय, विषयगतक्षेत्र र साझेदार संघसंस्था तथा निकाय समेतको ठोस र अर्थपुर्ण सहभागिताको अपेक्षा राखिएको छ । यसैगरी, यहाँको उच्च जोखिमयुक्त विषयका रूपमा रहेको बारेकोट गाउँपालिकाको बाढी तथा पहिरो चित्रावली, २०७८ प्रकाशनमा ल्याई तदनुरूप जोखिम न्यूनीकरण, रोकथाम र परिआएको बखत प्रतिकार्यको काम गर्ने गरिएको छ । गाउँपालिकाको जलसम्पदाको स्थिति र त्यसको उपयोग तथा संभावित जोखिमलाई मध्येनजर गरी बारेकोट गाउँपालिकाको जलउपयोग गुरूयोजना, २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याईएकोछ । यस बिचमा २०८० कार्तिक १७ गते यसै गाउँपालिकाको वडा नं. १ रामीडाँडामा केन्द्रबिन्दु भएर गएको ६.४ रिक्टर स्केलको भूकम्पले यहाँ ठुलो मात्रामा हानी नोक्सानी गरेको छ । उक्त भूकम्पबाट भएको क्षेति पस्च्यात सञ्चालन गरिएको प्रतिकार्य र तत्कालिन पुनर्लाभ समेतका गतिविधिको सिकाईका आधारमा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने हेतुले बारेकोट गाउँपालिका स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन कार्यविधिको मस्यौदा तयार गरी स्वीकृतिको लागि अन्तिम चरणमा रहेको छ । उक्त प्रस्तावित कार्यविधिको स्वीकृति पच्यात यहाँ तुरून्तै स्थानिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना गर्ने योजना र तदुरूपको तयारी गरिएको छ ।

## १.३. कार्यढाँचाको उद्देश्य

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको उद्देश्य देहाय बमोजिम रहेको छ;

क. विपद् जोखिम न्यूनीकरण, पुर्वसूचना प्रणाली तथा पुनर्निर्माणका लागि सेण्डाई कार्यढाँचा (सन् २०१५-२०३०), दिगो विकास लक्ष (सन् २०१५-२०३०) र पेरिस संझौता (सन् २०१५) लाई बारेकोट गाउँपालिकामा स्थानीयकरण गर्नु ।

ख. स्थानीय विकास योजनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तनको मुद्दालाई मूलप्रवाहीकरण गर्नका लागि बारेकोट गाउँपालिकाको एक एकीकृत र समन्वयात्मक दस्तावेज तयार गर्नु ।

ग. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, स्थानीय विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना, र स्थानीय जलवायु अनुकूलन कार्ययोजनालाई थप दायित्व सिर्जना नहुने गरी बारेकोट गाउँपालिकाको यो स्थानीय विपद् जोखिम तथा जलवायु उत्थानशील कार्यढाँचामा समाहित गर्दै नीतिगत एकीकरण र कार्यगत सामञ्जस्यता कायम राख्नु ।

घ. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१ को कार्यान्वयनका लागि समावेशीताको सिद्धान्तलाई आत्मसात गर्दै विपद् जोखिम व्यवस्थापन तथा जलवायु

परिवर्तन अनुकूलनका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमहरूमा स्थानीय समुदाय र लक्षित बर्गको सहभागिता सुनिस्चित गर्नु ।

ङ. विपद् तथा जलवायु उत्थानशीलता अभिबृद्धिका लागि नागरिक सहभागिता बढाउँदै उनिहरूको क्षमता विकास गरी उत्थानशील जनशक्ति, हरित अर्थतन्त्र र दीगो विकासको आधार तयार गर्नु ।

च. विपद् तथा जलवायुका मामिलामा बारेकोट गाउँपालिकामा उत्पन्न परिस्थितिलाई आफ्नो अनुकूलनक्षमता (Adaptability) का साथ सिकाईको (Learning) अभिबृद्धि गर्दै समयानुसारको लचिलोपन (Flexibility) अपनाएर यहाँको धरातलीय यथार्तता अनुरूप स्थानीयकरण (Localization) गर्दै विपद् तथा जलवायु उत्थानशीलता अभिबृद्धि गर्नु ।

## १.४. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा प्रक्रिया

क. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा गर्दा नेपालको संविधानका साथै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (प्रथम संशोधन) २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) र स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन, २०८१ को प्रावधानलाई यो कार्यढाँचाको तर्जुमा गर्दा आवश्यक पर्ने दायरा अनुरूप पुनरावलोकन गरिएको छ । यसैगरी राष्ट्रिय जलवायु नीति २०७६, वन ऐन २०७६, वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ र वन नियमावली २०७९ का साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ र स्थानीय तहको योजना दिग्दर्शन २०७८ र १६ औं आवधिक योजनाको प्रावधानलाई यो कार्यढाँचाको तर्जुमा गर्दा आवश्यक पर्ने दायरा अनुरूप पुनरावलोकन गरिएको छ ।

ख. कर्णाली प्रदेश सरकारले जारी गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली (तेस्रो संशोधन) २०७८, विपद् जोखिम बिरूद्ध सामुहिक दुर्घटना बिमा कार्यक्रम सञ्चालन कार्यविधि २०७९, विपद् पीडित राहत वितरण कार्यविधि २०७९, विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति र रणनीतिक कार्ययोजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८०, मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१, प्रदेशको वातावरण संरक्षन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७, कर्णाली प्रदेश वन ऐन २०७८, कर्णाली प्रदेश वन नियमावली २०८० र एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन नियमावली २०७९ र कर्णाली प्रदेशको दोस्रो आवधिक योजनाका प्रावधानलाई कार्यढाँचाको तर्जुमा गर्दा आवश्यक पर्ने दायरा अनुरूप पुनरावलोकन गरिएको छ ।

ग. बारेकोट गाउँपालिकाले जारी गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, स्थानीय स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८, स्थानीय जलवायु अनुकूलन कार्ययोजना (२०७८\७९ देखि २०८२\८३), बाढी तथा पहिरो चित्रावली २०७८,

जलउपयोग गुरूयोजना २०८० का विद्यमान प्रावधानलाई मुख्य आधार मानी यो कार्यढाँचाको तर्जुमा गरिएको छ। साथै; बारेकोट गाउँपालिकाले जारी गरेका विषयगत ऐन, नियम, निर्देशिका, मापदण्ड, योजना, कार्यक्रम र उपलब्ध बजेटको स्थिति समेतलाई यो कार्यढाँचा तर्जुमाको आधार मानिएको छ।

घ. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको निर्माण प्रक्रियामा बारेकोट गाउँपालिकाको नेतृत्व र समन्वयमा यस गाउँपालिका स्थित संघ र प्रदेश सरकारका विषयगत निकाय, सुरक्षा निकाय, सरकारी कार्यालयका साथै यस गाउँपालिकाको मानवीय क्षेत्रमा क्रियाशिल संघ संस्था र समुदायहरूको सहभागिता रहेको छ।

ङ. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको विषयवस्तु र कार्यप्रक्रियाको निर्क्योल गर्न गाउँ कार्यपालिकाका पदाधिकारी, गाउँपालिकाका कर्मचारी, गाउँपालिका स्थित संघ, प्रदेश र स्थानीयस्तरका सरकारी निकाय, सुरक्षा निकाय, मानवीयक्षेत्रमा क्रियाशिल तथा सामुदायिक संघ संस्था, समुदाय र नागरिक समाजका अगुवाहरूसँग पटक-पटकको बैठक, छलफल, विवरण सँकलन र अन्तरसंवाद गरी पृष्ठपोषण लिइएको थियो। यी सबै क्षेत्रबाट प्राप्त सुझाव र बारेकोट गाउँपालिकाको प्राथमिकतालाई मध्येनजर गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ तयार गरिएको हो।

च. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको मस्यौदामा स्थानीय विपद् व्यवस्थापन समितिमा छलफल गरी प्राप्त सुझाव अनुसार परिमार्जन गरियो। उक्त मस्यौदामा गाउँ कार्यपालिकाको बैठकमा छलफल गरी थप आवश्यक परिमार्जन सहित स्वीकृत गरिएको छ। उक्त कार्यढाँचा बारेकोट गाउँपालिकाको गाउँपरिषदबाट अनुमोदन गरे पच्यात कार्यान्वयनमा ल्याईएको हो।

# परिच्छेद २


# विपद् र जोखिमको बुझाई

## २.१. बारेकोट गाउँपालिकाको सामान्य बिवरण

### २.१.१. भौतिक अवस्था

कर्णाली प्रदेशको जाजरकोट जिल्लामा अवस्थित ७ वटा स्थानीय तहहरू मध्ये बारेकोट गाउँपालिका हिमाल, पहाड र केही बेसी तथा टारहरूले सजित नलगाड खोलाको जलाधारक्षेत्रमा अवस्थित छ। यसको मोहडा उत्तरपस्चिमको उच्च भू-भागबाट दक्षिणपूर्वतर्फको होंचो भू-भागमा फैलिएको छ। यहाँ नलगाड नदी, अयारीखोला, गाग्राखोला, पड्काखोला, मच्छेन्द्रखोला, योरेनीखोला, सिम्ताराखोला, भित्रेनीखोला,

घट्टेखोला र ७० भन्दा बढी संख्यामा पानिका मुहान रहेका छन्। बारेकोटको भौतिक अवस्थिति हिमाल, उच्चपहाड, पहाड, बेसी, टार र भीर, पाखा र खोंचमा बिभक्त छ। यसको उत्तर र पश्चिम भन्दा पूर्व र दक्षीणक्षेत्रमा आवादी र जनघणत्व बढी छ।




साभार; बारेकोट गाउँपालिकाको जलवायु अनुकूलन योजना २०७८ को पेज १३

भू-बनोटको दृष्टिले हेर्दा यहाँको ५७७.५ बर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको भू-भागलाई देहाय बमोजिम बिभक्त गरी तदनुरूप विपद् तथा जलवायु उत्थानशिलताका कार्य गर्न सकिन्छ भन्ने बुझाई रहेको छ।

| भू-आकृति | भिरालोपना | क्षेत्रफल (बर्ग किलोमिटर) | मात्रा (प्रतिशतमा) |
|---|---|---|---|
| समथर | १५०० मिटरभन्दा कम उचाईको भू-भाग | २८.८७५ | ५% |
| तल्लो पहाडी | २००० मिटरसम्मको उचाईको भू-भाग | १४४.३७५ | २५% |
| पहाडी | ३००० मिटरसम्मको उचाईको भू-भाग | १७३.२५ | ३०% |

| | | | |
|---|---|---|---|
| उच्चपहाडी | ४००० मिटरभन्दा कम उचाईको भू-भाग | १७३.२५ | ३०% |
| हिमाली | ४००० मिटरभन्दा बढी उचाईको भू-भाग | ५७.७५ | १०% |

स्रोतः बारेकोट गाउँपालिकाका पदाधिकारीहरूका बिच मिति २०८१ कार्तिक ११-१३ गते भएको बृहत् छलफलको निश्कर्ष

यस गाउँपालिको अवस्थिति र भू-बनोट अनुसार देहाय बमोजिम ८ किसिमको काममा भू-उपयोग हुँदै आएको पाईयो;

| क्र सं | भू-उपयोगको प्रकार | क्षेत्रफल (ब.कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | वन क्षेत्र | २९३.५४३२५ | ५०.८३ |
| २ | कृषि क्षेत्र | ३५.८६२७५ | ६.२१ |
| ३ | झाडी क्षेत्र | ५३.०१४५ | ९.१८ |
| ४ | घाँसे मैदान | १३७.५६०५ | २३.८२ |
| ५ | बाँझो जमिन | ५५.७२८७५ | ९.६५ |
| ६ | नदी, खोला तथा ताल तलैया | ०.८०८५ | ०.१४ |
| ७ | बगर क्षेत्र | २.५४१ | ०.४४ |
| ८ | भिर | १.७३२५ | ०.३ |
| जम्मा | | ५७७.५ | १०० |

साभार; बारेकोट गाउँपालिकाको जलवायु अनुकूलन योजना २०७८ को पेज १५

उपर्युक्त तथ्याङ्कलाई हेर्दा यहाँ वनक्षेत्र अत्यधिक मात्रामा रहेको देखिन्छ। यसो हुनुको कारण तहाँको हिमाली र उच्च पहाडी तथा पहाडी क्षेत्रमा वन क्षेत्र बढी छ। त्यसपछि यहाँको घाँसे मैदानको मात्रा पनि उल्लेख्य मात्रामा रहेको छ। याहँको बाँझो जमिन र झाडीको मात्रा पछि मात्र कृषि क्षेत्रको मात्रा रहेको देखिन्छ। त्यसपछि यहाँ बगर क्षेत्र, भिर र नदी, खोला, खोल्सा तथा ताल-तलैयाको मात्रा क्रमशः माथि उल्लेख गरिए बमोजिम रहेको देखिन्छ।

बारेकोट गाउँपालिकामा निर्मित घरधूरीको अवस्था देहाय बमोजिम रहेको छ।

| वडा नं | MBBS | CBBS | RCCP | WP | OTh |
|---|---|---|---|---|---|
| १ | ४३९ | १० | १ | १ | १ |
| २ | ३६८ | ८ | १ | १ | १ |
| ३ | २८५ | ६ | ० | १ | ० |
| ४ | ५०९ | १२ | १ | १ | १ |
| ५ | ४९२ | ११ | १ | १ | १ |
| ६ | २९२ | ७ | ० | १ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ४६७ | ११ | १ | १ | १ |
| ८ | ५९१ | १४ | १ | २ | १ |
| ९ | ३३३ | ८ | १ | १ | १ |
| जम्मा | ३७७६ | ७७ | ७ | १० | ७ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

**संकेत**: *MBBS भनेको माटोको बाँधिएको ईटा\ढुँगा, CBBS भनेको सिमेण्ट जोडाई भएको ईटा\ढुँगा, RCCP भनेको पिलर सहितको RCC, WP भनेको काठको पिलर र Oth भनेको नखुलेको सम्झनुपर्छ।*

यहाँका घरधूरीको अध्यधिक मात्रामा ढुँगामाटोको जोडाईबाट बनेका छन्। तसर्थ यहाँ कच्चीघरहरूको संख्या धेरै छ। यहाँ भवन संहिताको पालना अद्यापी गर्न सकिएको छैन। सडक पूर्वाधारको विकास सँगै सिमेण्टको जोडाई र आरसीसीपी घर बनाउने प्रबृत्ति पनि बढ्दै छ। यहाँ छिटफुट मात्रामा काठको पिलर भएका घर पनि रहेका छन्। समग्रमा हेर्दा घरको अवस्था परंपरागत रूपमा निर्मित छन् र आधुनिक प्रविधि र भुकम्प प्रतिरोधी संरचनामा मात्रा अन्यन्त न्यून छ।

### २.१.२. सामाजिक अवस्था

बारेकोट गाउँपालिकामा ५५८६ घरधूरीमा २५१३७ जनसंख्याको बसोवास छ। उक्त जनसंख्याको वडागत वितरण यसप्रकार रहेकोछ।

| वडा नं | क्षेत्रफल (ब. कि.) | परिवार संख्या | जनसंख्या | पुरूष | महिला |
|---|---|---|---|---|---|
| १ | ३५.६४ | ६५० | २९२५ | १४६५ | १४६० |
| २ | २२.९३ | ५४५ | २४५३ | १२२९ | १२२४ |
| ३ | १३७.१४ | ४२२ | १८९९ | ९५१ | ९४८ |
| ४ | १३९.८८ | ७५३ | ३३८९ | १६९८ | १६९१ |
| ५ | १०.५१ | ७२७ | ३२७२ | १६३९ | १६३२ |
| ६ | ७८.६७ | ४३२ | १९४४ | ९७४ | ९७० |
| ७ | ७४.४१ | ६९१ | ३११० | १५५८ | १५५२ |
| ८ | ६४.२३ | ८७४ | ३९३३ | १९७० | १९६३ |
| ९ | १३.८९ | ४९२ | २२१४ | ११०९ | ११०५ |
| जम्मा | ५७७.५० | ५५८६ | २५१३७ | १२५९४ | १२५४३ |

स्रोतः गाउँपालिकाका पदाधिकारीको निश्कर्ष

जनसंख्याको अनुपातमा महिला भन्दा पुरूषको संख्या बढी छ । बारेकोट गाउँपालिकाको जनसंख्यालाई उमेर समूह अनुसार हेर्दा देहाय बमोजिम रहेको छ ।

| वडा नं | जनसंख्या | ४ वर्षभन्दा मुनी | | ५-१४ उमेर समूहका | | १५-१९ उमेर समूहका | | २०-५९ उमेर समूहका | | ६० वर्षभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरूष | महिला | पुरुष |
| १ | २९०४ | १५७ | १४५ | ३८३ | ३७८ | १८९ | २०९ | ६३० | ६३० | ९६ | ८७ |
| २ | २१०६ | १२२ | ११८ | ३०१ | २६७ | १३१ | १३५ | ४३४ | ४४९ | ७८ | ७२ |
| ३ | २३०१ | १७० | १४० | ३५७ | ३५२ | १३६ | १३६ | ४३५ | ४६५ | ५८ | ५३ |
| ४ | ३२६८ | १८० | १८६ | ४६७ | ४४१ | १९० | २१२ | ६८३ | ६९६ | १०१ | १११ |
| ५ | २२८५ | १३५ | १३७ | २९२ | ३३६ | १३७ | १३० | ४७३ | ४८२ | ७१ | ९१ |
| ६ | १६८६ | ९६ | ९९ | २४१ | २५६ | ८९ | १०१ | ३३९ | ३४९ | ५६ | ५९ |
| ७ | २६५१ | १५१ | १६४ | ३४७ | ३०८ | १८० | १६२ | ५९४ | ५७३ | ८७ | ८५ |
| ८ | २७१९ | १३६ | १३१ | ३५९ | ३७५ | १४४ | १८८ | ६२० | ६२३ | ७१ | ७३ |
| ९ | २०८५ | १३३ | १११ | २९४ | २४२ | ११९ | १२५ | ४९६ | ४५९ | ५४ | ५२ |
| **जम्मा** | २२००५ | १२८० | १२३२ | ३०४२ | २९५५ | १३१४ | १३९८ | ४७०४ | ४७२५ | ६७१ | ६८४ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

बारेकोट गाउँपालिकाको जनसंख्यामा क्षेत्री, ठकुरी, कामी, मगर, दमाई, सार्की र गुरूङ्ग जातिको बसोवास रहेको छ । उक्त जातिगत तथ्याङ्कलाई दलीत, आदिवासी र अन्यको जनसंख्याको आकारमा बिभक्त गरी हेर्दा देहाय बमोजिम रहेको छ ।

| वडा नं | दलीतको संख्या | | | आदिवासीको संख्या | | | अन्यको संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा |
| १ | ४०३ | ४०४ | ८०७ | ९५ | ९४ | १८९ | ९४२ | ९६६ | १९०८ |
| २ | २९० | २९५ | ५८५ | ६८ | ६८ | १३६ | ६७८ | ७०६ | १३८४ |
| ३ | ३१८ | ३२२ | ६४० | ७५ | ७५ | १५० | ७४२ | ७७० | १५१२ |
| ४ | ४६१ | ४४७ | ९०८ | १०९ | १०४ | २१३ | १०७८ | १०६९ | २१४७ |
| ५ | ३३० | ३०६ | ६३६ | ७८ | ७१ | १४९ | ७७० | ७३१ | १५०१ |
| ६ | २४३ | २२६ | ४६९ | ५७ | ५२ | १०९ | ५६८ | ५४० | ११०८ |
| ७ | ३६२ | ३७५ | ७३७ | ८५ | ८७ | १७२ | ८४६ | ८९६ | १७४२ |
| ८ | ३८७ | ३६९ | ७५६ | ९१ | ८६ | १७७ | ९०४ | ८८२ | १७८६ |
| ९ | २७७ | ३०२ | ५७९ | ६५ | ७० | १३५ | ६४७ | ७२३ | १३७० |
| जम्मा | ३०७२ | ३०४६ | ६११८ | ७२४ | ७०६ | १४३० | ७१७४ | ७२८३ | १४४५७ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

बारेकोट गाउँपालिकामा २०७८ को राष्ट्रिय जनगणनाको विवरण अनुसार यस गाउँपालिकामा जम्मा ११३४ जना (५.१५३४%) कुनै न कुनै रूपको अपाङ्ग रहेको पाईएको छ । ति अपाङ्गको वडागत संख्याको विवरण देहाय बमोजिम रहेको छ ।

| वडा नं | अपाङ्ग जनसंख्या | | |
|---|---|---|---|
| | पुरूष | महिला | जम्मा |
| १ | ८० | ६१ | १५० |
| २ | ६५ | ४४ | १०९ |
| ३ | ७१ | ४८ | ११९ |
| ४ | ९९ | ६९ | १६८ |
| ५ | ६८ | ४९ | ११७ |
| ६ | ५० | ३६ | ८६ |
| ७ | ८३ | ५४ | १३७ |
| ८ | ८१ | ५८ | १४० |
| ९ | ६७ | ४२ | १०८ |
| जम्मा | ६७३ | ४६१ | ११३४ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

## २.२ प्रकोप, सम्मुखता, सँकटासन्नता, क्षमता र जोखिमको विश्लेषण

### २.२.१. प्रकोपको विश्लेषण र लक्षित प्रकोप निर्धारण

बारेकोट गाउँपालिकामा पछिल्लो समयमा घटेका प्रकोपका कारण भएको आर्थिक\सामाजिक प्रभावको विवरण यसप्रकार रहेकोछ ।

| विपद् | वर्ष, महिना र गते | स्थान | आर्थिक क्षति | सामाजिक क्षेति | भौतिक क्षेति | मानवीय क्षेति | प्राकृतिक क्षेति | प्रभावित परिवार | सूचना प्रमानिकरण विधि |
|---|---|---|---|---|---|---|---|---|---|
| झाडापखाला | २०६६ साल जेठ महिना | ९ वटै वडा | ५ करोड | डर, त्रास, बिभेद | | ७१ जना | | | स्वास्थ्य शाखा |
| स्वाईन फ्लू | २०७१ चैत | ९ वटै वडा | २ करोड | डर, त्रास, बिभेद | | | | | स्वास्थ्य शाखा |
| पहिरो | २०७१ साउन २८ | वडा नं १ धौलाकोट वडा नं २ सेरी वडा नं ८ बानडला, सक्ला | ५ करोड | | १५ घरधूरी, १६ वाटा गाई, १३ वटा बाख्रा, ५० रोपनी खेतबारी र केहि घट्ट, पुल र बाटो | ४ | बन जङ्गल बिनास | | स्वास्थ्य शाखा र ईलाका प्रहरी कार्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७६ असार २५ | वडा नं १, ४, ५, ६, ७, र ८ | १० करोड | | ७३ घरधूरी, १०० रोपनी खेतबारी, घट्ट, पुल, बाटो र पानीका मुहान | १३ | बन जङ्गल बिनास | | स्वास्थ्य शाखा र ईलाका प्रहरी कार्यालय |
| बाढी | २०७१ साउन २८ | ९ वटै वडा | २ करोड | | खेतबारी, घट्ट, पल, खानेपानी | | बन जङ्गल बिनास | | स्वास्थ्य शाखा र ईलाका प्रहरी कार्यालय |
| | २०७६ असार २५ | ९ वटै वडा | | | | | | | |
| | २०७८ | ९ वटै वडा | | | | | | | |
| असिनापानी र चट्याङ्ग | २०७७ | ९ वटै वडा | १० करोड | मानसिक तनाव | १७०० भेडाबाख्रा, घोडा, भैंसी र अन्नबाली | १ | | | स्वास्थ्य शाखा र ईलाका प्रहरी कार्यालय |
| | २०७८ | ९ वटै वडा | | | | | | | |
| कोभिड १९ | २०७६ | ९ वटै वडा | २ करोड | डर, त्रास र बिभेद | १९१ जनामा कोभिड १९ पोजिटिभ | १ | | | स्वास्थ्य शाखा र ईलाका प्रहरी कार्यालय |
| | २०७७ | ९ वटै वडा | | | | | | | |
| सडक दुर्घटना | २०७७ | वडा नं ५ र ८ | १ करोड | डर, त्रास | | ३ | | | स्वास्थ्य शाखा र ईलाका प्रहरी कार्यालय |
| जनावर आतङ्क | वर्षेनी | ९ वटै वडा | १० लाख | | बालीनाली नष्ट र मान्छेलाई टोक्ने | | | | स्वास्थ्य शाखा र ईलाका प्रहरी कार्यालय |
| आगलागी | वर्षेनी | ९ वटै वडा | वार्षिक ४० लाख | | घर, गोठ, पशु चौपाया, अन्न र जङ्गल | | | | स्वास्थ्य शाखा र ईलाका प्रहरी कार्यालय |
| भूकम्प | २०८० कार्तिक १७ | ९ वटै वडा | हानी नोक्सानीको बिस्तृत अध्यन हुन बाँकि | डर, त्रास, मानसिक तनाव | निजीघर ५५८६ विद्यालयः पूर्णक्षेति ३ क्षतिग्रस्त ५० स्वास्थ्यकेन्द्र ६ सरकारी कार्यालय ४ | मृतक ३ (खलंगामा मृत्यु भएको) घाईते ११ | | ५५८६ घरपरिवार २५१३७ जनसंख्या | स्वास्थ्य शाखा र ईलाका प्रहरी कार्यालय |

स्रोतः स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ र गाउँपालिकाका पदाधिकारीसँगको छलफल

बारेकोट गाउँपालिकाको विद्यमान स्थिति र विगतको तथ्य-तथ्याङ्कलाई केलाउँदा संभावित विपद्को जोखिमयुक्त क्षेत्र र त्यसबाट प्रभावित हुनसक्ने जनसंख्याको आँकलन देहाय बमोजिम गरिएको छ।

| विपद् | जोखिमयुक्त वडा (क्रमशः) | जोखिममा रहेको बस्ती | जोखिममा रहेको पूर्वाधार | जोखिममा रहेको घरधूरी | जोखिममा रहेको जनसंख्या |
|---|---|---|---|---|---|
| पहिरो | ५ | भेलौखाना, तोलखान र काउली | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन, र विद्युत | ३०७ | १५३५ |
| | ४ | मैना, बोराजिरी, सार्की गाउँ, तलगाउँ | खानेपानी, सडक, विद्यालय र खेतियोग्य जमिन | ४५३ | २२५८ |
| | ७ | ठकुरी जिरी, सुवाकोट, स्यालाकोटिली | वडा कार्यालय, खानेपानी र सडक | २२९ | ११५५ |
| | १ | धौलाकोट | विद्यालय, खेतियोग्य जमिन र विद्युत | ३२५ | १६९० |
| | २ | बयला, सिल्पाचौर र तल्ली आगर | खानेपानी, सडक, विद्यालय र खेतियोग्य जमिन | २२५ | ११२५ |
| | ६ | शेरी र ऐरना | खेतियोग्य जमिन, विद्युत र काठेपुल | २२७ | ११६३ |
| | ८ | तासी, धुमा र कार्की जीउला | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन र विद्युत | २३१ | ११८६ |
| | ३ | भण्डला, जुगेना, सेपुखोला र डाँडागाउँ | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन, विद्युत र झोलुङ्गेपुल | ३१५ | १५५४ |
| | ९ | मल्साम, रूम्सिल, बुडागाउँ<br><br>साक्ला, खारी र काप्री | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन, स्वास्थ्य र झोलुङ्गेपुल<br>खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन, विद्युत, वडा कार्यालय र झोलुङ्गेपुल | २२८ | ११२५ |
| बाढी | १ | सिर्पाचौर, कोटिली, धौलाकोट, तलीआगर र छेडा | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन, विद्युत र काठेपुल | ३७५ | १८९२ |
| | २ | लिम्सा, घाट र रोकाय गाउँ | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन र विद्युत | २२५ | ११३८ |
| | ३ | रूम्सिल बुढागाउँ | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन, विद्युत, वडा कार्यालय र झोलुङ्गेपुल | ३०८ | १५२४ |
| | ४ | गोठगाउँ, जिरी मैना | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन, स्वास्थ्य र वडा कार्यालय | ४५३ | २२८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५ | घाट बजार, तोलखान, काउली | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन र विद्युत | ३०५ | १५४२ |
| | ६ | कार्कीजीउला, तासी र धुम | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन, विद्युत र झोलुङ्गेपुल | २२५ | ११३७ |
| | ७ | सुवाकोट, स्याला र सिम्तरा | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन र विद्युत | २३२ | ११७५ |
| | ८ | जुगेना, सेपुखोला र अधेरीकोला | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन, स्वास्थ्य र झोलुङ्गेपुल | २२८ | ११५३ |
| | ९ | लामातरा र सक्लाचौर | खानेपानी, सडक, विद्यालय, खेतियोग्य जमिन, विद्युत, वडा कार्यालय र झोलुङ्गेपुल | २३० | ११६१ |
| असिनापानि र चट्याङ्ग | ९ वटै वडा | सबै बस्ती | निजी घर, गोठ, सरकारी र सार्बजनिक भवन र विद्युत | ५५८६ | २५१३७ |
| आगलागी | ९ वटै वडा | सबै बस्ती | वनजङ्गल, घर, विद्यालय, स्वास्थ्य, वडा कार्यालय र विद्युत | ५५८६ | २५१३७ |
| स्वाईन फ्लू | ९ वटै वडा | सबै बस्ती | | ५५८६ | २५१३७ |
| झाडापखाला | ९ वटै वडा | सबै बस्ती | | ५५८६ | २५१३७ |
| जनावर आतङ्क | ९ वटै वडा | सबै बस्ती | घर, विद्यालय, स्वास्थ्य, वडा कार्यालय र खेतिपाती | ५५८६ | २५१३७ |
| भूकम्प | ९ वटै वडा | सबै बस्ती | निजी घर, गोठ, सरकारी र सार्बजनिक भवन र पूर्वाधार सेवा | ५५८६ | २५१३७ |

स्रोतः स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ र गाउँपालिकाका पदाधिकारीको निश्कर्ष

### २.२.२. स्रोतको विश्लेषण

विपद् तथा जलवायु उत्थानशीलताका लागि विद्यमान तथा सम्भावित स्रोत साधन देहाय बमोजिम हुने प्रक्षेपण गरिएको छ।

क. बारेकोट गाउँपालिकाले तर्जुमा गरी लागु गर्दै आएका दीर्घकालीन र आवधिक योजना तथा कार्यक्रम कार्यान्वयनका लगि छुट्याईएको साधन स्रोतबाट यो कार्यढाँचाको प्रावधानलाई पनि मूलप्रवाहीकरण गरी कार्यान्वयन गर्ने गराइने छ।

ख. बारेकोट गाउँपालिकाले तर्जुमा गरी कार्यान्वयन गर्दै आएका स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ र स्थानीय अनुकूलन कार्ययोजना (२०८९\७९ – २०८२\८३) का विषयवस्तुहरू अब उप्रान्त यस कार्यढाँचाको अभिन्न अङ्गका रूपमा

आवद्ध रहि त्यसमा लक्षित योजना, कार्यक्रम अनुरूप प्रक्षेपित स्रोतबाट यो कार्यढाँचाको प्रावधानलाई पनि मूलप्रवाहीकरण गरी कार्यान्वयन गर्ने गराइने छ ।

ग. बारेकोट गाउँपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यो कार्यढाँचाका प्राथमिक कार्यलाई आत्मसात गर्दै तिनको कार्यान्वयनका लागि यसमा तोकीएका क्रियाकलाप लागु गर्न गराउन आफ्नै नियमित स्रोत परिचालन गर्नुका अतिरिक्त आवश्यकता अनसार संघीय निकाय, प्रदेश सरकारको सहयोग परिचालन गरिने छ ।

घ. कार्यढाँचाका प्राथमिककार्यको कार्यान्वयनका लागि यसमा तोकीएका क्रियाकलापको कार्यान्वयन गर्न गराउन विकास साझेदार, गैरसरकारी संघसंस्था, सामुदायिक संघ संस्था, समुदाय र नागरिक समाजको समेत सहयोग परिचालन गरी स्रोत व्यवस्थापन गरिने छ ।

ङ. कार्यढाँचाका प्राथमिककार्यको कार्यान्वयनका लागि यसमा तोकीएका क्रियाकलापको कार्यान्वयन गर्न गराउन निजीक्षेत्र, व्यावसायिक प्रतिष्ठान, गुठी र ट्रष्टसमेतको संभावित सहयोग परिचालन गरी स्रोत व्यवस्थापन गरिने छ ।

च. कार्यढाँचाका प्राथमिककार्यको कार्यान्वयनका लागि यहाँका बासिन्दा तथा जनमानसको क्षमता र स्रोत साधनको उपयोग गर्ने गराउने प्रयत्न गरिनेछ ।

### २.२.३. सम्मुखता, सँकटासन्नता र क्षमताको विश्लेषण

बारेकोट गाउँपालिकाको पछिल्लो २ दशक लामो जल तथा मौसमी गतिविधिका आधारमा मौसमको पात्रोलाई यसप्रकार चित्रण गर्न सकिन्छ ।

| | समय | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुस | माघ | फाल्गुण | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गर्मीको दिन | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडको दिन | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मनसुनी वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| तुसारो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिउपर्ने दिन | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| फुलफुल्ने (लालिगुराँस) | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

**संकेतः पहिले भन्नाले २० वर्ष अगाडी र अहिले भन्नाले ५ वर्षदेखि सम्झनुपर्छ**

मौसमको पत्रो हेर्दा यहाँ गर्मीको दिन पहिलेकोभन्दा ३ महिना बढेकोछ । जाडोको दिन चाहिं पहिलेभन्दा ३ महिना घटेकोछ । मनसुनी वर्षाको अवधि पनि पहिलेभन्दा ३ महिना घटेकोछ । हिउदे वर्षा पनि पहिलेभन्दा ३ महिना घटेकोछ । अर्थात पानी अवधि नै घटेकोछ । तुसारो पहिले ३ महिना लाग्थ्यो भने अहिले १ महिना मात्र लाग्छ । हिउपर्ने दिन पनि पहिलेभन्दा १ महिना घटेकोछ । फुफुल्ने दिन त झन १५ दिन घटेको र डेढ महिना अगाडी सरेकोछ ।

बारेकोट गाउँपालिकामा घटित प्रकोपका घटनाको आधारमा यहाँको प्रकोप पात्रो यसप्रकार रहेको छ ।

| प्रकोप | बैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मंशिर | पौस | माघ | फाल्गुण | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| झाडापखाला | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| सडक दुर्घटना | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| जनावर आतङ्क | | | | | | | | | | | | |
| असिनापानि चट्याङ्ग | | | | | | | | | | | | |
| स्वाईन फ् | | | | | | | | | | | | |
| भूकम्प | | | | | | | | | | | | |

सङ्केतः (१) रातोरङ्गः सतराको सङ्केत, (२) पहेंलो रङ्गः सजगताको सङ्केत (३) खैरो रङ्गः हुन\नहुन सक्ने सङ्केत

प्रकोप पात्रोलाई हेर्दा यहाँ बाह्रै महिना कुनै न कुनै किसिमको प्रकोपको जोखिम भैरहने देखिन्छ । साथै, यहाँको स्थिति अनुसार सडक दुर्घटना र जनावर आतङ्क जुनसुकै समयमा पनि हुनसक्ने देखिन्छ । भूकम्पको हकमा जहिले पनि भुकम्प आउनसक्ने टेक्टोनिक प्लेटको माथि अवस्थित यहाँको भू-अवस्थितिका साथै यहाँका कमजोर निजी आवास तथा अन्य संरचनाको कारणले गर्दा भूकम्पको जोखिम रहि नै रहने स्थिति छ ।

बारेकोट गाउँपालिकामा घटित प्रकोपका घटनाको आधारमा यहाँको प्रकोप सँकटासन्नता देहाय अनुसार रहेको छ;

| प्रकोप | झाडापखाला | स्वाईन फ्लू | पहिरो | बाढी | असिनापानी र चट्याङ्ग | भूकम्प | सडक दुर्घटना | जनावर आतङ्क | आगलागी |
|---|---|---|---|---|---|---|---|---|---|
| झाडापखाला | | झाडापखाला | पहिरो | झाडापखाला | झाडापखाला | भूकम्प | झाडापखाला | जनावर आतङ्क | आगलागी |
| स्वाईन फ्लू | | | पहिरो | बाढी | असिनापानी र चट्याङ्ग | भूकम्प | सडक दुर्घटना | जनावर आतङ्क | आगलागी |
| पहिरो | | | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | |
| बाढी | | | | | असिनापानी र चट्याङ्ग | भूकम्प | बाढी | जनावर आतङ्क | आगलागी |
| असिनापानी र चट्याङ्ग | | | | | | असिनापानी र चट्याङ्ग | असिनापानी र चट्याङ्ग | असिनापानी र चट्याङ्ग | |
| भूकम्प | | | | | | | भूकम्प | भूकम्प | आगलागी |


| **प्रकोप** | **झाडापखाला** | **स्वाईन फ्लू** | **पहिरो** | **बाढी** | **असिनापानी र चट्याङ्ग** | **भूकम्प** | **सडक दुर्घटना** | **जनावर आतङ्क** | **आगलागी** |
|---|---|---|---|---|---|---|---|---|---|
| सडक दुर्घटना | | | | | | | | सडक दुर्घटना | आगलागी |
| जनावर आतङ्क | | | | | | | | | आगलागी |
| आगलागी | | | | | | | | | |
| प्रकोप | पहिरो | आगलागी | असिनापानी र चट्याङ्ग | भूकम्प | झाडापखाला | जनावर आतङ्क | बाढी | सडक दुर्घटना | स्वाईन फ्लू |
| स्तर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |

स्रोतः विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ र गाउँपालिकाका पदाधिकारीको निश्कर्ष

बारेकोट गाउँपालिकामा जमिनको बनोट, जीविकोपार्जनका रूपमा गरिने परंपरागत खेति किसानी, मौसम र जलवायुको अवस्थामा आएको बदलाव र नन्ईञ्जीनियरिङ्ग तवरले निर्मित ग्रामीण सडकको कारण पहिरोको जोखिम बढी छ । यहाँ सुख्खायामको समय लम्बिएको, वर्षेनी पाखापखेरामा आगो लगाउने चलन, विद्युत सर्ट भैरहने, कमजोर जनचेतनाको स्थितिको कारण आगलागीको जोखिम पनि छ। त्यसैगरी, मौसम तथा जलवायुमा आएको परिवर्तन, कम गुणस्तरीय विद्युतीय सामानको प्रयोग, घरमा अर्थिङ्ग गर्न आनाकानी गर्नु र कमजोर जनचेतनाका कारणले गर्दा असिनापानी र चट्याङ्गको जोखिम छ । यहाँका अधिकाँश घर परंपरागत रूपमा ढुँगामाटोको जोडाइबाट बनेका र भुकम्प आउनसक्ने टेक्टोनिक प्लेटको माथि अवस्थित यहाँको भू-अवस्थितिका कारण भूकम्प अर्को मुख्य जोखिमको विषय बनेको छ।

बारेकोट गाउँपालिकामा स्वच्छ पिउनेपानी र यथोचित सरसफाई गर्ने प्रबृत्तिको कमी, कमजोर स्वास्थ्य पूर्वाधार सेवा, जनचेतनाको कमीका कारण झाडापखालाको जोखिम पनि त्यत्तिकै छ। त्यसैगरी यहाँ मौसम तथा जलवायुमा आएको परिवर्तन, बासस्थानको कमी, मानवीय क्रियाकलाप बढ्दा उनको आहारामा कमी हुनुको कारण जनावर आतङ्क पनि दिनानुदिन छ । यहाँ, खोला किनारको अतिक्रमण, माथिल्लो तटमा जाने पहिरो, खोला नगिजका जोखिमयुक्त बस्ती, विकास निर्माणका कामले गर्दा बाढीको जोखिम पनि बढाएको छ । नन्ईञ्जीनियरिङ्ग तवरले बनेका कमजोर गुणस्तरका सडक भएको र सडक सुरक्षाप्रतिको बुझाईमा कमीको कारणले सडक दुर्घटनाको जोखिम बढ्दो छ । साथै, स्वास्थ्य सावधानीका उपायको अवलम्बन नगर्ने प्रबृत्ति, उच्च जोखिमयुक्त भाईरस, जनचेतनाको कमीको कारणले स्वाईन फ्लूको जोखिम बढाएको छ ।

यहाँको भू-आकृति अनुसार पहिरो र बाढीको जोखिमको अवस्था देहायको चित्र अनुसार रहेको छ;




साभार; बारेकोट गाउँपालिकाको जलवायु अनुकूलन योजना २०७८ को पेज २५




साभार; बारेकोट गाउँपालिकाको जलवायु अनुकूलन योजना २०७८ को पेज २८

### २.२.४. जोखिमको विश्लेषण

बारेकोट गाउँपालिको अवस्थिति, जिवनशैली र चेतनाको स्तर समेतको बस्तुस्थितिका आधारमा यहाँको जोखिम अवस्थाको विश्लेषण यसप्रकार रहेको छ।

| क्र सं | प्रकोप\विपद् | संकटासन्नता | आबृत्ति | गाम्भीर्यता | प्रभाव | जोखिम |
|---|---|---|---|---|---|---|
| १ | भूकम्प | परंपरागत रूपमा निर्मित ढुँगामाटोको जोडाइका घर, भूकम्प प्रतिरोधी संरचनाको अभाव, जनचेतनाको कमी, भवन संहिता लागु नभएको अवस्था र निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयनमा कमी रहेको। | न्यून | उच्च | उच्च | **उच्च** |
| २ | पहिरो | यहाँको जमिनको भिरालोपन, प्राकृतिक स्रोतको तिब्र दोहन, मनसुन तथा जलवायुमा बदलाव\परिवर्तन र विकास निर्माणको कामले पनि जोखिम बढाईरहेको छ | उच्च | मध्यम | मध्यम | **उच्च** |
| ३ | आगलागी | यहाँ सुख्खायामको समय लम्बिएको, वर्षेनी पाखापकेरामा आगोलगाउने चलन, विद्युत सर्ट भैरहने, कमजोर जनचेतनाको स्थिति छ। | उच्च | मध्यम | मध्यम | **उच्च** |
| ४ | असिनापानी र चट्याङ्ग | यहाँको मौसम तथा जलवायुमा आएको परिवर्तन, कम गुणस्तरीय विद्युतीय सामानको प्रयोग, घरमा अर्थिङ्ग गर्न आनाकानी, कमजोर जनचेतना छ। | उच्च | मध्यम | मध्यम | **उच्च** |
| ५ | बाढी | खोला किनारको अतिक्रमण, माथिल्लो तटमा जाने पहिरो, खोला नगिजका जोखिमयुक्त बस्ती, विकास निर्माणका कामले पनि जोखिम बढाएको छ। | उच्च | मध्यम | मध्यम | **मध्यम** |
| ६ | सडक दुर्घटना | सडकको गुणस्तर कमजोर, नन्ईञ्जीनियरिङ्ग सडकको निर्माण, सडक सुरक्षाप्रतिको बुझाईमा कमी छ। | उच्च | उच्च | मध्यम | **मध्यम** |
| ७ | जनावर आतङ्क | मौसम तथा जलवायुमा आएको परिवर्तन, बासस्थानको कमी, मानवीय क्रियाकलाप बढ्दा उनको आहारामा कमी, उनलाई मनपर्ने खेति र फलफुलमा बढोत्तरी हुनु। | उच्च | मध्यम | मध्यम | **मध्यम** |
| ८ | झाडा पखाला | स्वच्छ पिउनेपानी र यथोचित सरसफाई गर्ने प्रबृत्तिको कमी, कमजोर स्वास्थ्य पूर्वाधार सेवा, जनचेतनाको कमी, सामाजिक पछौटेपन र कुरीतिको अवस्था रहेको। | मध्यम | मध्यम | उच्च | **मध्यम** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | स्वाइन फ्लू | सावधानीका उपायको अवलम्बन नगर्ने प्रबृत्ति, कमजोर स्वास्थ्य पूर्वाधार सेवा, उच्च जोखिमयुक्त भाईरस, जनचेतनाको कमी, सामाजिक पछौटेपन र कुरीतिको अवस्था रहेको । | मध्यम | उच्च | न्यून | **मध्यम** |

बारेकोट गाउँपालिकाको जलवायु अनुकूलन योजना २०७८ २०७८ र गाउँपालिकाका पदाधिकारीको निश्कर्ष

# परिच्छेद ३

# विपद् तथा जलवायु उत्थानशील योजना

## ३.१. सोंच, लक्ष र रणनीति

### ३.१.१. सोंच

विद्यमान अवस्थाबाट उत्पन्न परिस्थितिलाई यथोचित अनुकूलन क्षमताका साथ सिकाई अनुरूपको लचिलोपन अपनाएर विपद् तथा जलवायु उत्थानशीलता अभिबृद्धि गर्नु ।

### ३.१.२. लक्ष

क. विपद् जोखिम न्यूनीकरणका कार्यलाई विकास निर्माणका कार्यसँग मूलप्रवाहीकरण गर्ने ।

ख. जलवायु अनुकूलनका कार्यक्रम यहाँको स्तानीय जीवनशैलीसँग आबद्ध गर्दै प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

ग. विपद् तथा जलवायु अनुकूलनका कार्यक्रमलाई एकाकार गर्दै उत्थानशील समाज र संरचनाको निर्माण गर्ने ।

घ. नेपाल सरकारले जारी गरेको सोह्रौं आवधिक योजना र कर्णाली प्रदेश सरकारले जारी गरेको दोस्रो आवधिक योजनासँग यो कार्यढाँचालाई एकाकार गरी दीगो विकास, हरित अर्थतन्त्र र विपद् जोखिम न्यूनीकरणका तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमलाई मूलप्रवाहीकरणका साथ कार्यान्वयन गर्ने गराउने ।

### ३.१.३. रणनीति

स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाका निर्दिष्ट लक्ष हासिल गर्ने रणनीतिहरू देहाय बमोजिम रहेका छन् ।

क. विपद् तथा जलवायु उत्थानशीलताका लागि स्थानीय स्तरमा गर्नुपर्ने मुलभूल कार्यको पहिचान र प्राथमिकीकरण गर्ने ।

ख. कार्यढाँचामा प्राथमिकीकरण गरिएका कार्यको कार्वयनका लागि यहाँको धरातलीय यथार्थता र स्थानीय आवश्यकता अनुरूपका क्रियाकलापहरू सुनिस्चित गरी तिनको कार्यान्वयनबाट हासिल हुनसक्ने अपेक्षित बस्तुपरक प्रतिफलको प्रक्षेपण गर्ने ।

ग. कार्यढाँचाको कार्यान्वयन गर्दा गराउँदा दीगो विकास, हरित अर्थतन्त्र र विपद् जोखिम न्यूनीकरणका तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमलाई मूलप्रवाहीकरणका साथ लागु गर्ने गराउने ।

घ. कार्यढाँचाको कार्यान्वयनका लागि चाहिने आवश्यक समयसिमा र स्रोत, साधनको पहिचान गरी तिनको उपलब्धताको आधार र प्रक्रिया सुनिस्चित गर्ने ।

ङ. जाजरकोट जिल्ला स्थित विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन प्रक्रियासँग यो कार्यढाँचालाई आबद्ध गरी जिल्ला विपद् व्यवस्थापन समितिको सहयोग लिने र तहाँको आवश्यक समन्वय र सहकार्यका साथ यो कार्यढाँचाको कार्यान्वयन गर्ने गराउने ।

च. विपद् तथा जलवायु उत्थानशील कार्यढाँचाको कार्यान्वयनका लागि संघका सम्बद्ध निकाय र कर्णाली प्रदेश सरकारको सहयोग लिंदै कार्यढाँचाको कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गर्ने गराउने ।

छ. कार्यढाँचाको कार्यान्वयनका लागि विकास साझेदार निकाय, संघ, संस्था र प्रतिष्ठान समेतलाई परिचालन गर्ने गराउने ।

ज. बारेकोट गाउँपालिकामा उपलब्ध निजीक्षेत्र, व्यवसायिक प्रतिष्ठान र नागरिक समाजको सहयोग परिचालन गर्ने गराउने ।

झ. कार्यढाछाको कार्यान्वयनका लागि बारेकोट गाउँपालिकाका बासिन्दाको क्षमता विकास गर्ने र यहाँको स्रोत साधनको अधिकतम उपयोग गर्ने गराउने ।

## ३.२. विपद् जोखिम न्यूनीकरणका उपायहरू

### ३.२.१. प्राथमिकताका क्षेत्र १ – विपद् तथा जलवायु परिबर्तन जोखिम बुझाई

| **प्राथमिकताका कार्य** |
|---|
| १.१ समुदाय र गाउँपालिकाको बहुप्रकोप विपद् र जलवायु परिबर्तन जोखिमको पहिचान। |
| १.२ सबै सार्बजिनक र निजी विद्यालयहरू, स्वास्थ्य सुबिधाहरू, सार्बजनिक भवनहरू र सार्बजनिक महत्वका सम्पदाहरूको संरचणात्मक एकीकृत लेखाजोखा गरी प्रमुख प्रकोपहरू जोखिम, लगानी र कार्यको दायरा सूचित गर्ने। |
| १.३ क्षेत्रगत विकास आयोजनाहरूको लागि विपद् र जलवायु जोखिम परीक्षण र लेखाजोखा प्रणाली स्थापना गर्ने। |
| १.४ सीमाका जोखिमहरू लेखाजोखा गर्ने। उदाहरणका लागि छिमेकओ गाउँ\नगरपालिकाहरूसँग मिलेर समाधान गर्नुपर्ने विपद् जस्तै बाढी, डुवान, जँगलमा आगलागि, जँगली जनावर आतङ्क आदि। |
| १.५ क्यास्केटिङ्ग प्रभाव |

| प्राथमिकताका कार्य | रणनीतिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौति | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.१ समुदाय र गाउँपालिकाको बहुप्रकोप विपद् र जलवायु परिबर्तन जोखिमको पहिचान। | बहुप्रकोप विपद् तथा जलवायु परिवर्तन मूल्याङ्कन गर्ने। | तथ्याङ्क सँकलन तथा अभिलेखिकरण भई जोखिम तथा क्षमताको विश्लेऋण भएको हुनेछ। | १ वर्ष | १५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्राविधिक शाखा विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | तथ्याङ्क सँकलन | बहुप्रकोप तथा जोखिमको नक्सा तयार हुनेछ |
| | वन डढेलो न्यूनीकरण र योजना बनाउने। | योजना बनेको हुनेछ। | १ वर्ष | १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्रदेश सरकार र संघीय निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | अन्तर समन्वय | योजना तयार हुनेछ |
| १.२ सबै विद्यालयहरू, स्वास्थ्य सुबिधाहरू, सार्बजनिक भवनहरू र | सार्बजनिक संरचनाहरूको जोखिम लेखाजोखा गर्ने। | विद्यमान सार्बजनिक संरचनाको स्थिति यकिन हुने। | १ वर्ष | १५ लाख | प्राविधिक शाखा | प्रदेश सरकार, संघीय निकाय, विकास साझेदार | उच्च | आन्तरिक स्रोत र | प्राविधिक जनशक्ति र स्रोत साधन | सार्बजनिक संरचनाको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सार्बजनिक महत्वका सम्पदाहरूको संरचणात्मक एकीकृत लेखाजोखा गरी प्रमुख प्रकोपहरू जोखिम, लगानी र कार्यको दायरा सूचित गर्ने। | | | | | | | | विकास साझेदार | | स्थिति यकिन हुने। |
| | पुनर्निर्माण गर्नुपर्ने र प्रबलीकरण गर्दाहुने सार्बजनिक संरचनाको विवरण तयार गर्ने। | सार्बजनिक संरचनाको स्थिति र क्षमता स्पष्ट हुने। | १ वर्ष | २५ लाख | प्राविधिक शाखा | प्रदेश सरकार, संघीय निकाय, विकास साझेदार विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्ति र स्रोत साधन | सार्बजनिक संरचनाको स्थिति स्पष्ट हुने |
| | आवश्यक सार्बजनिक संरचनाको संख्या, आकार र त्यसका लागि चाहिने स्रोतको आँकलन गर्ने। | आवश्यक सार्बजनिक संरचनाको मात्रा, प्रकृति र चाहिने स्रोतको आँकलन बमोजिम योजना तर्जुमा गर्ने आधार तयार हुने। | २ वर्ष | ३५ लाख | प्राविधिक शाखा | प्रदेश सरकार, संघीय निकाय, विकास साझेदार विषयगत निकाय | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्ति र स्रोत साधन | चाहिने मात्रा, प्रकृति र स्रोत स्पष्ट हुने। |
| १.३ क्षेत्रगत विकास आयोजनाहरूको लागि विपद् र जलवायु जोखिम परीक्षण र लेखाजोखा प्रणाली स्थापना गर्ने। | जलवायुको अवस्था र धरातलीय चाप अनुरूप विकास आयोजनाको लेखाजोखा गर्ने। | बदलिंदो जलवायुको स्थिति र जमिनको उपयोग गर्ने शैली अनुरूपका योजना तर्जुमा गर्ने आधार तयार हुने। | १ वर्ष | १५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्राविधिक शाखा | उच्च | आन्तरिक स्रोत र साझेदार | प्राविधिक जनशक्ति र स्रोत साधन | भावी योजना तर्जुमाको लागि चाहिने आधार तयार हुने। |
| | लेखाजोखा प्रणालीका लागि चाहिने सूचक तयार गर्ने। | धरातलीय यथार्थता अनुरूपका सूचक तयार हुने। | १ वर्ष | १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्राविधिक शाखा | उच्च | आन्तरिक स्रोत र साझेदार | प्राविधिक जनशक्ति र स्रोत साधन | सूचकहरू तयार हुने। |
| १.४ सीमाका जोखिमहरू लेखाजोखा गर्ने। | हिमाली र उच्च पहाडी क्षेत्रमा पर्नसक्ने जलवायुको प्रभाव अध्ययन गर्ने। | हिमाली र उच्च पहाडीक्षेत्रमा परेको जलवायु परिवर्तनको असर स्पष्ट हुने। | २ वर्ष | २० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्रदेश सरकार, संघीय निकाय, विषयगत निकाय विकास साझेदार | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्ति र स्रोत साधन | हिउ, जँगल, जँगली जनावर, र जडिबुटीको स्थिति स्पष्टहुने । |
| | नलगाड जलविद्युत आयोजनास्थल र त्यसको प्रभावित क्षेत्रमा पर्नसक्ने असरको लेखाजोखा गर्ने। | नलगाड जलविद्युत आयोजनाका संरचनाले पार्नसक्ने संभाव्य असरको लेखाजोखा हुने। | १ वर्ष | १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्राविधिक शाखा विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र साझेदार | प्राविधिक जनशक्ति र स्रोत साधन | संभाव्य असरको स्थिति स्पष्ट हुने। |
| १.५ विपद्को विस्तारित प्रभावलाई कमगर्ने। | नलगाड-जुम्ला जोड्ने सडक निर्माणबाट सिर्जित संभाव्य | नलगाड- जुम्ला जोड्नका लागि तयार हुँदै गरेको ट्र्याक खोल्ने र स्तरोन्नति | २ वर्ष | २५ लाख | प्राविधिक शाखा | प्रदेश सरकार, संघीय निकाय, विषयगत निकाय | मध्यम | आन्तरिक स्रोत र | प्राविधिक जनशक्ति र स्रोत साधन | संभाव्य असरको स्थिति स्पष्ट हुने। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जोखिमको लेखाजोखा गर्ने। | गर्ने कार्यबाट पर्नसक्ने असरको लेखाजोखा हुने। | | | | विकास साझेदार | | विकास साझेदार | | |
| | नलगाड जलविद्युत आयोजनाको निर्माण तथा सञ्चालनबाट सिर्जित संभाव्य जोखिमको लेखाजोखा गर्ने। | विद्युत गृहको पावरहाउस, जलासय, प्रशारण समेतबाट पर्नसक्ने असरको लेखाजोखा गर्ने। | २ वर्ष | ५० लाख | प्राविधिक शाखा | प्रदेश सरकार, संघीय निकाय, विषयगत निकाय विकास साझेदार | मध्यम | नलगाड जलविद्यु त आयोजना | प्राविधिक जनशक्ति र स्रोत साधन | जलविद्युत आयोजनाको संबावित जोखिम स्पष्ट हुने। |

### ३.२.२. प्राथमिकताका क्षेत्र २ – स्थानीय तहमा विपद् तथा जलवायु परिबर्तन जोखिम शासकीय पद्धतिको सुदृढीकरण

| **प्राथमिकताका कार्य** |
|---|
| २.१ बारेकोट गाउँपालिकाका सबै शाखाको भूमिका र जिम्मेवारी निर्धारण गर्ने। |
| २.२ कार्य प्रभावकारिताका लागि गाउँपालिकाको नीतिगत र कानूनी व्यवस्था सुदृढ गर्ने। |
| २.३ प्रभावकारी विपद् तथा जलवायु उत्थानशीलताको लागि गाउँपालिकाको संगठनात्मक संगठन संरचना र मानव संशाधन कार्यको समिक्षा गरी यसलाई अध्यावधिक गर्ने। |
| २.४ विपद् तथा जलवायु उत्थानशील कार्यढाँचालाई गाउँपालिकाको आवधिक, वार्षिक र विषयगत योजना र कार्यक्रममा समाहित गर्ने। |
| २.५ विपद् तथा जलवायु उत्थानशील विषयसँग सम्बन्धित विद्यमान नीति, ऐन, नियम, निर्देशिका र कार्यविधिको समयानुकूल संशोधन, परिमार्जन र एकीकरण गर्ने। |

| **प्राथमिकताका कार्य** | **रणनीतिक उपाय** | **अपेक्षित नतिजा** | **समयावधि** | **अनुमानित लागत** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **प्राथमिकता** | **बजेटको स्रोत** | **चुनौति** | **सूचक** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१ बारेकोट गाउँपालिकाका सबै शाखाको भूमिका र जिम्मेवारी निर्धारण गर्ने। | विपद् तथा वातावरण शाखा र अन्य सबै शाखाको भूमिका र जिम्मेवारी स्पष्ट गर्ने। | विपद् तथा वातावरणको कार्यमा सबै शाखाको भूमिका र जिम्मेवारी स्पष्ट भएको हुनेछ। | १ वर्ष | ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | स्पष्ट कार्य विवरण, जिम्मेवारी र जवाफदेहिताको निर्धारण हुनेछ। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.२ कार्य प्रभावकारिताका लागि गाउँपालिकाको नीतिगत र कानूनी व्यवस्था सुदृढ गर्ने । | गाउँपालिकाका अन्य नीतिगत प्रावधानसँग विपद् तथा जलवायु उत्थानशील सम्बन्धी नीतिगत र कानूनी प्रावधानको तादात्म्यता कायम राख्ने । | नीतिगत र कानूनी सपष्टता र एकरूपता हुनेछ । | २ वर्ष | १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | समग्र नीति र ऐन, नियम, निर्देशिका र कार्यविधि जारी भएको हुनेछ । |
| | नीतिगत प्रावधान र संस्थागत प्रवन्ध गरी तिनको कार्यगत समन्वय मार्फत प्रभावकारिता बढाउने । | पारस्परिक सहकार्य र समन्वयबाट विपद् तथा जलवायु उत्थानशीलताको काम मूलप्रबाहीकरण हुने । | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | विपद् तथा जलवायु उत्थानशीलता अभिबृद्धि हुने । |
| २.३ प्रभावकारी विपद् तथा जलवायु उत्थानशीलताको लागि गाउँपालिकाको संगठनात्मक संगठन संरचना र मानव संशाधन कार्यको समिक्षा गरी यसलाई अध्यावधिक गर्ने । | विपद् तथा जलवायु उत्थानशीलताको कामलाई मूलप्रबाहीकरण गर्ने हेतुले विद्यमान संगठन संरचनाको पुनरावलोकन गर्ने । | विपद् तथा जलवायु उत्थानशीलताको लागि चाहिने संगठन संरचना र जनशक्तिको मात्रा यकीन हुने । | १ वर्ष | ५ लाख | प्रशासन शाखा | गाउँ कार्यपालिका | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | आवश्यक जनशक्तिको स्थिति स्पष्ट हुने । |
| | विपद् तथा जलवायु उत्थानशीलताको कामका खट्ने जनशक्तिको क्षमता विकास गर्ने । | विपद् तथा जलवायु उत्थानशीलताको सक्षम जनशक्तिको विकास हुने । | निरन्तर | वार्षिक १० लाख | प्रशासन शाखा | गाउँ कार्यपालिका | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | क्षमतावान जनशक्ति तयार हुने । |
| २.४ विपद् तथा जलवायु उत्थानशील कार्यढाँचालाई गाउँपालिकाको आवधिक, वार्षिक र विषयगत योजना र कार्यक्रममा समाहित गर्ने । | कार्यढाँचाकाको प्राथमिक कार्यलाई गाउँपालिकाको दीर्घकालीन र आवधिक योजनामा समाहित गर्ने । | विपद् जोखिम न्यूनीकरण र जलवायू अनुकूलनका कार्यक्रमलाई विकास प्रक्रियामा मूलप्रबाहीकरण भएको हुने । | निरन्तर | ५ लाख | योजना शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | विपद् तथा जलवायू उत्थानशीलता अभिबृद्धि हुने । |
| | वार्षिक र विषयगत योजना तथा कार्यक्रममा कार्यढाँचाका प्राथमिक कार्यलाई समाहित गर्ने । | चालु योजना र कार्यक्रममा कार्यढाँचाका प्राथमिक कार्यहरू समेटिने । | निरन्तर | ५ लाख | आर्थिक प्रशासन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | विपद् तथा जलवायू उत्थानशीलता अभिबृद्धि हुने । |
| २.५ विपद् तथा जलवायु उत्थानशील विषयसँग सम्बन्धित विद्यमान नीति, ऐन, नियम, निर्देशिका र | गाउँपालिकाको लागि चाहिने ऐन, नियम, निर्देशिका, कार्यविधि, कार्यढाँचा र योजनाको सूची तयार गर्ने । | विपद् तथा जलवायु उत्थानशीलताका लागि चाहिने नीतिगत प्रावधानको सूची तयार हुने । | १ वर्ष | २ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | चाहिने नीतिगत प्रावधानको सपष्टता हुने । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यविधिको समयानुकूल संशोधन, परिमार्जन र एकीकरण गर्ने । | विद्यमान ऐन, नियम, निर्देशिका, कार्यविधि, कार्यढाँचा र योजनाको पुनरावलोकन गर्ने । | विद्यमान नीतिगत प्रावधानको समिक्षा हुने । | १ वर्ष | २ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | नीतिगत प्रावधानहरूको अध्यावधिक गरिने । |
| | आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि, कार्यढाँचा र योजना समेतको तर्जुमाको र संशोधन गर्ने । | आवश्यक नीतिगत प्रावधानको तर्जुमा हुने । | निरन्तर | वार्षिक १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | नीतिगत स्पष्टता र प्रावधानको पर्याप्तता हुने । |

### ३.२.३. प्राथमिकताका क्षेत्र ३ – उत्थानशीलता बृद्धिका लागि विपद् तथा जलवायु परिवर्तन जोखिम न्यूनीकरणमा निजी तथा सार्बजनिक लगानी

| **प्राथमिकताका कार्य** |
|---|
| ३.१. बारेकोट गाउँपालिकाका सबै विद्यालय, स्वास्थ्य संस्था र सार्बजनिक भवनहरू जलवायु परिवर्तन लगायत बहुप्रकोप जोखिमबाट सुरक्षित बनाउने । |
| ३.२. संभावित उच्च जोखिमयुक्त बस्ती र घरहरूको पुनस्थापना गर्ने (एकीकृत बस्ती विकास गर्ने) । |
| ३.३. नमूना उत्थानशील समुदायको विकास गर्ने (उदाहरणका लागि एक पालिका एक टोलको विकास गर्ने) । |
| ३.४. जोखिमको आधारमा स्थानीय परंपरागत वास्तुकलालाई प्रवलीकरण र प्रोत्साहन गर्न आर्थिक र प्राविधिक सहयोग गर्ने । |
| ३.५. अत्यावश्यक पूर्वाधार जस्तैः सडक, विद्युत, स्वास्थ्य, खानेपानी आपुर्तिलाई उत्थानशील बनाउने । |

| **प्राथमिकताका कार्य** | **रणनीतिक उपाय** | **अपेक्षित नतिजा** | **समयावधि** | **अनुमानित लागत** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **प्राथमिकता** | **बजेटको स्रोत** | **चुनौति** | **सूचक** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ बारेकोट गाउँपालिकाका सबै विद्यालय, स्वास्थ्य संस्था र सार्बजनिक भवनहरू जलवायु परिवर्तन लगायत बहुप्रकोप जोखिमबाट सुरक्षित बनाउने । | सबै सार्बजनिक भवनहरूको भूकम्पीय परिक्षण गर्ने । | पुनःनिर्माण वा प्रवलीकरण गर्नुपर्ने भवनहरूको तथ्याङ्क तयार हुने । | ३ वर्ष | २० लाख | प्राविधिक शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविमिक जनशक्तिको कमी | सबै घरको जोखिम स्थिति सपष्ट हुनेछ । |
| | बहुप्रकोप जोखिम अध्ययन गर्ने । | बहुप्रकोप जोखिमको लेखाजोखा हुने । | ३ वर्ष | ३० लाख | प्राविधिक शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | गाउँपालिकाको बहुप्रकोप जोखिम स्पष्ट हुने । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.२ संभावित उच्च जोखिमयुक्त बस्ती र घरहरूको पुनस्थापना गर्ने (एकीकृत बस्ती विकास गर्ने)। | उच्च जोखिमयुक्त बस्तीको स्थानान्तरण गर्ने। | जोखिम रहित बस्तीको विकास हुने। | ३ वर्ष | ९ करोड | प्राविधिक शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | विकास साझेदार | स्रोत र प्राविधिक जनशक्तिको कमी | सरक्षित आवास हुने। |
| | एकीकृत बस्तीकोको विकासलाई प्रश्रय दिने। | व्यवस्थित बस्तीमा पूर्वाधार सेवा विस्तारगर्न सहज हुने। | ३ वर्ष | ३ करोड | प्राविधिक शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | विकास साझेदार | स्रोत र प्राविधिक जनशक्तिको कमी | व्यवस्थित आवास हुने। |
| ३.३ नमूना उत्थानशील समुदायको विकास गर्ने (उदाहरणका लागि एक पालिका एक टोलको विकास गर्ने)। | एक गाउँपालिका एक जलवायुमैत्री गाउँको विकास गर्ने। | जलवायुमैत्री गाउँको योजना बनेको हुनेछ। | बहु वर्षिय | ५ करोड | प्राविधिक शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | जलवायुमैत्री गाउँको नमूना विकस हुनेछ। |
| ३.४ जोखिमको आधारमा स्थानीय परंपरागत वास्तुकलालाई प्रवलीकरण र प्रोत्साहन गर्न आर्थिक र प्राविधिक सहयोग गर्ने। | स्थानीय परंपरागत वास्तुकलाको पहिचान र प्रवर्द्धन गर्ने। | धरातलीय यथार्थता अनुरूपको वास्तुकलाको विकास हुने। | निरन्तर | वार्षिक १ करोड | प्राविधिक शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | परंपरागत ज्ञान,सीप र प्रविधिको संरक्षण हुने। |
| | परंपरागत वास्तुकलाको उपयोगलाई प्रोत्साहन गर्न आर्थिक र प्राविधिक सहयोग गर्ने। | स्थानीय र मौलिक सौन्दर्ययुक्त संरचनाको उपयोगले प्रश्रय पाउँछ। | निरन्तर | वार्षिक ३ करोड | प्राविधिक शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | बस्ती र संरचना सवल र सौन्दर्ययुक्त हुने। |
| ३.५ अत्यावश्यक पूर्वाधार जस्तैः सडक, विद्युत, स्वास्थ्य, खानेपानी आपुर्तिलाई उत्थानशील बनाउने। | पूर्वाधार संरचनाको विकास गर्दा जोखिम लेखाजोखा अनिवार्य गर्ने। | नयाँ संरचना बनाउँदा जोखिम संबेदनशीलता कायम हुने। | निरन्तर | वार्षिक १ करोड | प्राविधिक शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | जोखिम रहित संरचनाको विकास हुने। |
| | विद्यमान पूर्वाधार संरचनाको जोखिम लेखाजोखा गर्ने। | संरचनाको सातरोन्नती गर्ने आधार तयार हुने। | २ वर्ष | २५ लाख | प्राविधिक शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | जोखिमयुक्त संरचनाको पहिचान हुने। |
| | जलवायु परिवर्तन र धरातलीय चाप अनुरूप जोखिम उत्थानशीलता बढाउने। | विपद् तथा जलवायु उत्थानशीलता अभिबृद्धि हुने। | निरन्तर | वार्षिक १ करोड | प्राविधिक शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | सामना गर्नसक्ने क्षमताको विकास हुने। |

## ३.२.४. प्राथमिकताका क्षेत्र ४ – प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीको सुदृढीकरण

| प्राथमिकताका कार्य |
|---|
| ४.१. स्थानीय स्तरको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य केन्द्रको स्थापना र योजनाको तयारी। |
| ४.२. स्यंसेवक समूहको गठन र परिचालन। |
| ४.३. उपकरण, गोदाम, भण्डारण र उपकरणहरू परीक्षण गर्ने प्रणाली। |
| ४.४. आवधिक अभ्यास र नमूना घटना अभ्यास सञ्चालन। |
| ४.५. डोजर, ट्रक जस्ता विपद् प्रतिकार्यमा उपयोग हुने साधन सञ्चालन गर्ने निजीक्षेत्रसँग सहकार्य। |
| ४.६. छिमेकी गाउँ\नगरपालिकासँग सहकार्य। |

| प्राथमिकताका कार्य | रणनीतिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौति | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ स्थानीय स्तरको आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य केन्द्रको स्थापना र योजनाको तयारी। | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन | ६ महिना | ३० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत क्षेत्र | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | उपकरणको यथेष्टता | आकस्मिक सेवा सञ्चालन |
| | स्थानीय आपत्कात्कालीन प्रतिकार्य निर्देशिकाको तर्जुमा | स्थानीय आपत्कात्कालीन प्रतिकार्य सञ्चालनमा स्पष्टता | ६ महिना | १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत क्षेत्र | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | आकस्मिक सेवा सञ्चालनमा चुस्तता |
| | आपत्कालीन सेवा प्रदायकको (स्वास्थ्य, खानेपानी, सञ्चार, सुरक्षा ...) स्तरोन्नति | आपत्कालीन सेवा प्रदायकको क्षमता अभिबृद्धि हुने | निरन्तर | वार्षिक १० लाख | गाउँ कार्यपालिकाका विषयगत शाखाहरू | वातावरण तथा विपद् व्यवस्थापन शाखा | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | आकस्मिक सेवा प्रदायकको कार्यक्षमता बढ्छ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.२ स्यंसेवक समूहको गठन र परिचालन । | गाउँपालिकाका हरेक वडामा स्वयंसेवक व्युरोको गठन र सञ्चालन गर्ने । | स्वयंसेवा गर्न चाहनेहरूको आवश्यक लागि संयन्त्रको निर्माण हुने । | निरन्तर | वार्षिक २ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका | मध्यम | आन्तरिक स्रोत | कार्य प्राथमिकता | स्वयंसेवक व्यवस्थापनमा चुस्तता हुने । |
| | स्वयंसेवा गर्नचाहनेको लगत व्युरो मार्फत दर्ता र अध्यावधिक गर्ने । | स्वयंसेवकको दर्ता र अध्यावधिक लगत तयार हुने । | निरन्तर | वार्षिक १ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका | मध्यम | आन्तरिक स्रोत | कार्य प्राथमिकता | स्वयंसेवा गर्न चाहनेहरूको लगत अध्यावधिक हुने । |
| | विपद्को समयमा स्वयंसेवक परिचालन गर्ने । | विपद्को समयमा स्वयंसेवक परिचालन गर्न सहज हुने । | निरन्तर | वार्षिक २ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका | मध्यम | आन्तरिक स्रोत | कार्य प्राथमिकता | स्वयंसेवक परिचालनमा प्रभावकारिता हुने । |
| ४.३ उपकरण, गोदाम, भण्डारण र उपकरणहरू परीक्षण गर्ने प्रणाली । | विपद् प्रतिकार्यका लागि चाहिने उपकरणको लगत तयार गर्ने । | उपकरणको खाँचो र उपलब्धताको बिचको फरक स्पष्ट हुने । | १ वर्ष | वार्षिक १ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्राविधिक शाखा | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | आवश्यक उपकरणको लगत तयार हुने । |
| | उपलब्ध उपकरणको यथोचित भण्डारण र चाहिएका बखत उपयोग गर्नसकिने गरी समय समयमा परीक्षण गर्ने । | उपकरणको व्यवस्थित भण्डारण र समय समयमा यथोचित मर्मत सम्भार र परीक्षण हुने । | निरन्तर | वार्षिक ३ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | प्राविधिक शाखा | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | उपकरण अध्यावधिक हुने । |
| ४.४ आवधिक अभ्यास र नमूना घटना अभ्यास सञ्चालन । | समय तालिका बनाएर जल तथा मौसमजन्य विपद् प्रतिकार्यको नमूना घटना अभ्यास गर्ने । | बाढी, पहिरो, हिमपात, हावाहुरी जस्ता प्रकोपको सामना गर्नसक्ने क्षमताको विकास हुने । | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत क्षेत्र | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | विपद् प्रतिकार्य क्षमता अभिबृद्धि हुने । |
| | विशिष्ट प्रकृतिका विपद्जन्य घटनाको प्रतिकार्यका लागि नमूना घटना अभ्यास गर्ने । | भूकम्प, महामारी, सडक दुर्घटना जस्ता विपद्को सामना गर्नसक्ने क्षमताको विकास हुने । | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत क्षेत्र | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | विपद् प्रतिकार्य क्षमता अभिबृद्धि हुने । |
| ४.५ डोजर, ट्रक जस्ता विपद् प्रतिकार्यमा उपयोग हुने साधन | स्थानीय तहमा उपलब्ध विपद् प्रतिकार्यका लागि प्रयोग हुनसक्ने डोजर, ट्रक, ट्याक्टरको लगत राख्ने । | विपद् प्रतिकार्यको समयमा आवश्यक पर्ने उपकरणको उपयोग गर्न सहज हुने । | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | निजीक्षेत्रको चासो र सहभागिता | सरकारी र निजीक्षेत्रका बिचको |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सञ्चालन गर्ने निजीक्षेत्रसँग सहकार्य। | | | | | | | | | | सहकार्यबाट विपद् प्रतिकार्य हुने। |
| | विपद्को समयमा उपयोग गरिने डोजर, ट्रक, ट्र्याक्टर धनीसँग स्टेण्डबाई एग्रीमेण्ट गर्ने। | विपद् प्रतिकार्यको समयमा आवश्यक पर्ने उपकरणको तत्काल उपयोग गर्न सकिने। | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | निजीक्षेत्रको चासो र सहभागिता | सरकारी र निजीक्षेत्रका बिचको सहकार्यबाट विपद् प्रतिकार्य हुने। |
| ४.६ छिमेकी गाउँ\नगरपालिकासँग सहकार्य। | जलाधार, पानीढलो, आवागमन, आश्रय, आपुर्ति जस्ता अत्यावश्यक कुराको व्यवस्थापनका लागि छिमेकी गाउँ वा नगरपालिकासँग सहकार्य गर्ने। | विपद्को विस्तारित असर कम हुने। | निरन्तर | थप लागत नचाहिने | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय विषयगत क्षेत्र | मध्यम | नचाहिने | समन्वय र सहकार्य | विपद्को संभावित असरलाई समयमै कमगर्न वा रोक्न सकिने। |
| | जिल्ला विपद् व्यवस्थापन समितिसँगको समन्वयमा छिमेकी गाउँ वा नगरपालिकासँग सहकार्य गर्ने। | विपद् प्रतिकार्यका लागि चुस्तता कायम गर्न सहज हुने। | निरन्तर | थप लागत नचाहिने | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | नचाहिने | समन्वय र सहकार्य | विपद्को संभावित असरलाई समयमै कमगर्न वा रोक्न सकिने। |

## ३.२.५. प्राथमिकताका क्षेत्र ५ – पुनर्लाभ, पुनस्थापना र पुनःनिर्माणमा अँझ राम्रो र बलियो

| प्राथमिकताका कार्य |
|---|
| ५.१. पुनर्लाभ योजनाः बहुप्रकोपका कारण भविश्यमा सिर्जना भई क्षतिग्रस्य हुने निजी आवास र बस्तिहरूको पुनस्थापना र पुननिर्माणको योजना। |
| ५.२. बहुप्रकोपको कारणले क्षतिग्रस्त सार्बजनिक पूर्वाधार, निजी आवास र बस्तिहरूको पुनर्लाभ, पुनस्थापना र पुननिर्माण। |
| ५.३. सामाजिक – आर्थिक पुनर्लाभ र पुनस्थापना । |

| प्राथमिकताका कार्य | रणनीतिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौति | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.१ पुनर्लाभ योजनाः बहुप्रकोपका कारण भविश्यमा सिर्जना भई क्षतिग्रस्य हुने निजी आवास र बस्तिहरूको पुनस्थापना र पुननिर्माणको योजना। | निझि आवास र बस्तिहरूको पुनस्थापना र पुननिर्माणका योजनाको तर्जुमा गर्ने। | निजी आवास पुनस्थापना र पुननिर्माणका लागि आवश्यक नीति, योजना र कार्यक्रमको स्पष्टता हुने। | १ वर्ष | १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक र व्यावसायिक जनशक्तिको कमी | पुनस्थापना र पुननिर्माणका कार्यमा चुस्तता हुने। |
| | पुनस्थापना र पुननिर्माण योजनालाई समय सापेक्ष अध्यावधिक गर्ने। | बस्तुपरक पुनस्थापना र पुननिर्माण योजनाको तर्जुमा हुने। | निरन्तर | वार्षिक २ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | आन्तरिक स्रोत | कार्य प्राथमिकता | बस्तुपरक र अध्यावधिक योजना तर्जुमा भएको हुने। |
| ५.२ बहुप्रकोपको कारणले क्षतिग्रस्त सार्बजनिक पूर्वाधार, निजी आवास र बस्तिहरूको पुनर्लाभ, पुनस्थापना र पुननिर्माण। | पुनर्लाभका लागि चाहिने योजना तयार गर्ने। | आश्रयस्थल र अस्थायी आवासको लागि चाहिने योजना हुने। | १ वर्ष | २० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | पुनर्लाभको योजना तयार हुने। |
| | विपद् प्रभावित निजी आवासको प्रबलीकरण गर्न योजना र यसको कानूनी आधार तयार गर्ने | प्रबलीकरण गर्नुपर्ने निजी आवासको घरधनीहरू लाभान्वीत हुने | १ वर्ष | ५० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | कार्य प्राथमिकता | प्रबलीकरण को आधार तयार हुने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुनस्थापनाका लागि चाहिने योजना तयार गर्ने। | विपद् प्रभावितको शिघ्र पुनस्थापना हुने। | १ वर्ष | २० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | स्रोत परिचालनका लागि समन्वय | पुनस्थापना योजना तयार हुने। |
| | विपद् प्रभावित क्षेत्रमा पुनर्निर्माणका लागि चाहिने योजना तयार गर्ने। | विपद् प्रभावितक्षेत्रमा शिघ्र पुनर्निर्माणको आधार तयार हुने। | १ वर्ष | ३० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | स्रोत परिचालनका लागि समन्वय | पुनर्निर्माण योजना तयार हुने। |
| ५.३ सामाजिक – आर्थिक पुनर्लाभ र पुनस्थापना । | जलवायुजन्य प्रकोपको कारण हुने क्षतिबाट प्रभावितलाई पुनस्थापना सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने। | जोखिममा परेकाको पुनर्उत्थान हुने। | १ वर्ष | ५० लाख | सामाजिक सुरक्षा शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | जोखिममा परेकाको पुनर्उत्थान भएको हुनेछ। |
| | सामाजिक सामञ्जश्यता, साँस्कृतिक अन्तरघुलन र जीविकोपार्जनका आधार तयार गर्ने। | सबल र उत्थानशील समाजको निर्माण हुने। | १ वर्ष | २० लाख | सामाजिक सुरक्षा शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक र व्यावसायिक जनशक्तिको कमी | उत्थानशील समाजको निर्माण हुने। |

## ३.२.६. प्राथमिकताका क्षेत्र ६ – तालिम र क्षमता विकास

| **प्राथमिकताका कार्य** |
|---|
| ६.१. भवन र पूर्वाधार निर्माणमा संलग्न जनशक्तिलाई तालिम र प्रमाणिकरण। |
| ६.२. सरोकारवालालाई विपद्सँग सम्बन्धित वित्तीय विषयमा तालिम दिने। |
| ६.३ विपद् तथा जलवायु उत्थानशीलतासँग सम्बन्धित बदलिंदो आयामप्रति सम्बन्धित पदाधिकारीको क्षमता विकास गर्ने। |

| प्राथमिकताका कार्य | रणनीतिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौति | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६.१ भवन र पूर्वाधार निर्माणमा संलग्न जनशक्तिलाई तालिम र प्रमाणिकरण । | डकर्मि, सिकर्मि, प्लम्बर र अन्य विषयमा तालिम सञ्चालन गरी दक्षताको प्रमाणिकरण गर्ने । | दक्ष जनशक्तिको उत्पादन भएको हुनेछ । | १ वर्ष | २० लाख | प्राविधिक शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | आन्तरिक | प्राविधिक जनशक्तिको कमी | हरेक विषयमा कम्तिमा २० जना तालिमप्राप्त हुनेछन् । |
| | एकीकृत जलाधार व्यवस्थापन सम्बन्धमा समुदायलाई तालिम दिने । | समुदायको सहभागितामा अनुकूलन क्षमताको अभिबृद्धि हुनेछ । | ६ महिना | १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | आन्तरिक | प्राविधिक जनशक्तिको कमी | समुदायको ५०% जनशक्ति अनुकूलन क्षमतामा तालिमप्राप्त हुनेछ । |
| ६.२ सरोकारवाला लाई विपद्सँग सम्बन्धित वित्तीय विषयमा तालिम दिने । | विपद् तथा जलवायु जोखिम वित्त व्यवस्थापनका विषयमा क्षमता विकास गर्ने । | जलवायु कोष, विपद् व्यवस्थापन कोष, हरित अर्थतन्त्र, जोखिम हस्तान्तरण जस्ता विषयमा क्षमता विकास हुने । | निरन्तर | वार्षिक ५ लाख | कर्मचारी प्रशासन शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | प्राविमिक जनशक्तिको कमी | विपद् तथा जलवायु वित्त व्यवस्थापन गर्ने क्षमताको विकास हुने । |
| | नियमित तथा चालु बजेट व्यवस्थापनसँग  विपद् तथा जलवायु वित्त व्यवस्थापनको कामलाई एकाकार गर्ने क्षमता बढाउने । | बृहत दायरा र भरपर्दो तथा दीगो स्रोत व्यवस्थापन हुने । | निरन्तर | वार्षिक ५ लाख | आर्थिक प्रशासन शाखा | वातावरण तथा विपद् व्यवस्थापन शाखा | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | प्राविमिक जनशक्तिको कमी | विपद् तथा जलवायु वित्त व्यवस्थापन गर्ने क्षमताको विकास हुने । |
| ६.३ विपद् तथा जलवायु उत्थानशीलतासँग सम्बन्धित बदलिंदो आयामप्रति सम्बन्धित | जलवायु र धरातलीय चापमा परेको असरका विषयमा सिचुयसन ट्याकिङ्ग एण्ड एनालाइसिस गर्ने । | गतिशील परिवर्तन अनुसार उत्पन्न स्थितिका बारेमा जानकार हुने । | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | प्राविमिक जनशक्तिको कमी | बदलिंदो परिवेशको सामना गर्ने क्षमताको विकास हुने । |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पदाधिकारीको क्षमता विकास गर्ने। | बदलिंदो परिवेश अनुरूप अपनाउनुपर्ने उपायहरूप्रति सजग हुने। | बचाउ, रोकथाम, आत्मसात र अनुकूलन गर्नुपर्ने कुराको जानकारी हुने। | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | प्राविमिक जनशक्तिको कमी | बदलिंदो परिवेशको सामना गर्ने क्षमताको विकास हुने। |

### ३.२.७. प्राथमिकताका क्षेत्र ७ – बहुप्रकोप पुर्वसूचना प्रणाली

| **प्राथमिकताका कार्य** |
|---|
| ७.१. बहुप्रकोप पुर्वसूचना प्रणालीमा सम्बन्धित निकायसँग सहकार्य गर्ने। |
| ७.२. प्रकोपको सूचना विशेष क्षेत्र र बर्गलाई प्रभावकारी हुनेगरी प्रवाह गर्ने (एसएमएस, सामाजिक सञ्जाल, आमसञ्चार, एफएम रेडियो, टेलिभिजन, साईरन, ....)। |
| ७.३. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र र कमाण्ड कण्ट्रोल स्थापना र सुदृढीकरण। |

| प्राथमिकताका कार्य | रणनीतिक उपाय | अपेक्षित नतिजा | समयावधि | अनुमानित लागत | जिम्मेवार निकाय | सहयोगी निकाय | प्राथमिकता | बजेटको स्रोत | चुनौति | सूचक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७.१ बहुप्रकोप पुर्वसूचना प्रणालीमा सम्बन्धित निकायसँग सहकार्य गर्ने। | संभावित विपद्, विपद्को समय र त्यसबाट उत्पन्न स्थितिका बारेमा संप्रेषण गर्ने सूचना तयार गर्ने। | विपद्को सूचना समयमै सबैले प्राप्त गर्नसक्ने छन्। | निरन्तर | वार्षिक ३ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत | प्राविधिक जनशक्तिको कमी | आवश्यक पूर्वसूचनाको उत्पादन भएको हुनेछ। |
| | बिभिन्न सञ्चारका माध्यमको प्रयोग गरी पुर्वसूचना संप्रेषण गर्ने। | आवश्यक सबैक्षेत्र र बर्ग तथा समुदायमा पुर्वसूचनाको संप्रेषन हुनेछ। | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत | प्राविधिक जनशक्तिको कमी | सबैमा पुर्वसूचनाको पहुँच हुनेछ। |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७.२ प्रकोपको सूचना विशेष क्षेत्र र बर्गलाई प्रभावकारी हुनेगरी प्रवाह गर्ने। | एकगाउँ\टोल एक पुर्वसूचना प्रणालीको सञ्जाल विकास गर्ने। | पुर्वसूचना प्रणालीको सञ्जाल चुस्त हुनेछ। | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | सबैको लागि पुर्वसूचना प्रणालीको सञ्जाल चुस्त हुनेछ। |
| | स्थानीय भाषा, सँस्कृतिमैत्री तवरले उपयुक्त समय र माध्यमबाट सूचना संप्रेषण गर्ने। | पूर्वसूचनामा सबैको पहुँच पुग्नेछ। | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | समयमै सबैले पूर्वसूचना पाउनेछन्। |
| ७.३ स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र र कमाण्ड कण्ट्रोल स्थापना र सुदृढीकरण। | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना गर्ने। | स्थानीय विपद् व्यवस्थापनको कार्यमा चुस्तता हुनेछ। | ६ महिना | २० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | प्राविधिक जनशक्तिको कमी | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना हुने। |
| | स्थानीय कमाण्ड कण्ट्रोल मार्फत विषयगत निकाय सकृय हुने। | विषयगत मामिलाको सूचना र दक्षताको सदुपयोग हुनेछ । | निरन्तर | वार्षिक २ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक स्रोत | कार्य प्राथमिकता | एकीकृत र समन्वयात्मक तवरले पूर्वसूचना संप्रेषण हुने। |
| | स्थानीय सरकार, विषयगत निकाय र विकास साझेदारका बिच सहकार्य र समन्वय गर्ने गराउने। | स्थानीय स्तरको समन्वय र सहकार्यका साथ विपद् व्यवस्थापन हुनेछ। | निरन्तर | थप लागत नचाहिने | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | नचाहिने | कार्य प्राथमिकता | पूर्वसूचनाको गूनस्तरीयता र विश्वसनीयता कायम हुने। |

### ३.२.८. प्राथमिकताका क्षेत्र ८ – विपद् जोखिम हस्तान्तरण र वित्तीय व्यवस्थापन

| **प्राथमिकताका कार्य** |
|---|
| ८.१. जोखिम हस्तान्तरण संयन्त्र स्थापना। |
| ८.२. सामाजिक सुरक्षा संयन्त्र। |
| ८.३. विपद् व्यवस्थापन कोष। |

| |
|---|
| ८.४. विकास साझेदारहरूलाई सहभागी गराउने । |
| ८.५. जोखिम सिर्जना गर्नेले सोको भार बहनगर्नुपर्ने व्यवस्था । |

| **प्राथमिकताका कार्य** | **रणनीतिक उपाय** | **अपेक्षित नतिजा** | **समयावधि** | **अनुमानित लागत** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **प्राथमिकता** | **बजेटको स्रोत** | **चुनौति** | **सूचक** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८.१. जोखिम हस्तान्तरण संयन्त्र स्थापना । | सार्बजनिक तथा निजी आवासीय भवनको स्थानीय विपद् जोखिम विमा योजना तर्जुमा गर्ने । | विपद् जोखिम विमा कार्यान्वयनका लागि योजना र कार्यविधि तयार भएको हुने । | १ वर्ष | १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | विमा सेवा प्रदायक र संघीय निकाय | उच्च | आन्तरिक | प्राविधिक जनशक्तिको कमी | योजना र कार्यविधि तयार भएको हुनेछ । |
| | जलवायुजन्य जोखिमक्षेत्रमा कामगर्नेहरूको जीवन विमाका साथै जलवायुजन्य जोखिमका कारण क्षतिहुनसक्ने संपत्तिको पनि विमा गर्ने । | जलवायुजन्य जोखिमको क्षेत्रमा काम गर्नेहरूको विमा भएको हुनेछ । | निरन्तर | वार्षिक ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | आन्तरिक र विकास साझेदार | प्राविमिक जनशक्तिको कमी | विमा संस्कृतिको विकास भएको हुनेछ । |
| ८.२. सामाजिक सुरक्षा संयन्त्र । | विपद् तथा जलवायुको जोखिमले समाजको पींधमा रहनेलाई थप हानी निक्सानी गर्छ भन्ने मान्यताका साथ तिनको लागि थप सहुलियतपुर्ण कार्यक्रम सञ्चालन गर्ने । | समाजका महिला, बालवालिका, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला, दीर्घरोगी, एकल महिला समेतको विशेष हेरचाह हुने । | निरन्तर | वार्षिक २५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय विषयगत क्षेत्र | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | नीतिगत प्रावधान र अन्तरतह समन्वय | सामाजिक संरक्षण हुने । |
| | सामाजिक सुरक्षा कार्यक्रममा आबद्धहरूलाई थप सहुलियत दिने । | कमजोरलाई विपद्को सामना गर्नका लागी थप मद्दत पुग्ने । | निरन्तर | वार्षिक १० लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय विषयगत क्षेत्र | उच्च | आन्तरिक स्रोत र विकास साझेदार | नीतिगत प्रावधान र अन्तरतह समन्वय | सामाजिक संरक्षण हुने । |
| ८.३. विपद् व्यवस्थापन कोष । | स्थानीय विपद् व्यवस्थापन कोषको गठन र परिचालन गर्ने । | संघ र प्रदेश सरकारवाट स्थानीय विपद् व्यवस्थापन कोषमा रकम निकासा लिई | निरन्तर | थप लागत नचाहिने | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | नीतिगत प्रावधान र अन्तरतह समन्वय | स्थानीय विपद् व्यवस्तापन कोषको गठन |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आफ्नो योगदान समेत थपेर विपद् व्यवस्थापन गरिने। | | | | | | | | र परिचालन भएको हुने। |
| | जलवायु वित्त र हरित अर्थतन्त्रको प्रश्रयका लागि आवश्यक कोषको गठन र परिचालन गर्ने। | राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा स्थापित जलवायु वित्तको स्थानीय सरकार मार्फत परिचालन हुने। | निरन्तर | थप लागत नचाहिने | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | नीतिगत प्रावधान र अन्तरतह समन्वय | राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहायता परिचालन हुने |
| ८.४. विकास साझेदारहरूलाई सहभागी गराउने। | विकास साझेदार परिचालन गर्नका लागि आवश्यक स्थानीय कार्यविधिको तर्जुमा गर्ने। | विकास साझेदार र विषयगत निकाय तथा गाउँ कार्यपालिकालाई कार्यक्रम साझेदारी गर्न सहज हुने। | १ वर्ष | ५ लाख | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | आन्तरिक स्रोत र विकास साझेदार | नीतिगत प्रावधान र अन्तरतह समन्वय | कार्यविधि जारि भएको हुने। |
| | विकास साझेदारहरूसँग सहकार्य गर्ने। | संघले जारी गरेको विकास सहायता नीति र विकास साझेदार परिचालन निर्देशिका अनुरूप स्थानीय स्तरमा जारी गरेको विकास साझेदार परिचालन कार्यविधि अनुरूप सहकार्य हुने। | निरन्तर | थप लागत नचाहिने | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | मध्यम | नचाहिने | नीतिगत प्रावधान र अन्तरतह समन्वय | विकास साझेदारहरूसँग सहकार्य भएको हुने। |
| ८.५. जोखिम सिर्जना गर्नेले सोको भार बहनगर्नुपर्ने व्यवस्था। | जोखिम निम्त्याउने कार्य गर्ने कुनै व्यक्ति, संघ संस्था, निकाय, आयोजना, गतिविधि समेतका सर्जकले सो को कारण उत्पन्न स्थितिको भार बहन गर्नुपर्ने प्रावधानको तर्जुमा गर्ने। | जोखिम सर्जकहरू निरूत्साहित हुने। | निरन्तर | थप लागत नचाहिने | वातावरण तथा विपद् व्यवस्थापन शाखा | गाउँ कार्यपालिका विषयगत निकाय | उच्च | नचाहिने | नीतिगत प्रावधान र अन्तरतह समन्वय | जोखिम सिर्जना गर्ने प्रबृत्तिमा कमी हुने। |

# परिच्छेद ४

# कार्यढाँचाको कार्यान्वयन, बजेटको विनियोजन र विकास योजनामा मूलप्रवाहीकरण

## ४.१. कार्यढाँचाको कार्यान्वयन

क. बारेकोट गाउँपालिकाले जारी गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को प्रावधान र यो विपद् तथा जलवायु उत्थानसील कार्यढाँचा, २०८१ मा परीलक्षित प्राथमिकक्षेत्र र तिनका कार्यहरूको कार्यान्वयनका लागि सूचीकृत रणनीतिक उपाय अबलम्बन गरी तोकिएको समयसिमा भित्र यसको अपेक्षित प्रतिफललाई हासिल गर्नका लागि गाउँकार्यपालिकाले आफ्ना विषयगत क्षेत्र[1] तथा शाखा-महाशाखा मार्फत यो कार्यढाँचाको कार्यान्वयनका लागि नेतृत्व र आवश्यक समन्वय गर्नेछ ।

ख. बारेकोट गाउँपालिका भित्र क्रियाशिल सरकारी निकाय[2]ले आ-आफ्ना वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दा गराउँदा यो कार्यढाँचाको प्रावधानलाई आधार मानेर कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने गराउने छन् ।

ग. बारेकोट गाउँपालिकाबाट सञ्चालित स्थानीय विपद् व्यवस्थापन कोषको परिचालन गर्दा यो कार्यढाँचाको कार्यान्वयनलाई प्राथमिकतामा राखिनेछ ।

घ. यो कार्यढाँचा कार्यान्वयनका लागि संघ र प्रदेश सरकारको आवश्यक सहयोग लिइने छ । साथै; यसक्रममा जिल्ला विपद् व्यवस्थापन समितिसँग आवश्यक सहयोग र सहकार्यका साथ यो कार्यढाँचाको कार्यान्वयन गरिनेछ ।

ङ. बारेकोट गाउँपालिकामा मानवीयक्षेत्रमा क्रियाशिल विकास साझेदार तथा गैरसरकारी संघ संस्थाहरू, सामुदायिक संघ संस्थाहरू, निजीक्षेत्र, व्यावसायिक प्रतिष्ठान, प्राज्ञीक निकाय, स्वयंसेवक, समुदाय र नागरिक समाज समेतको सहयोग र सहभागितामा यो कार्यढाँचाको कार्यान्वयन गरिनेछ ।

च. कार्यढाँचाको कार्यान्वयन गर्न बारेकोट गाउँपालिकाका बासिन्दाको क्षमता विकास गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरिनेछ ।

छ. कार्यढाँचाको कार्यान्वयन गर्दा गराउँदा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग, दीर्गरोजी, गर्भवती र सुत्केरी महिला समेतको स्थिति विद्यमान स्थिति र लैङ्गिक संवेदनशिलता समेतलाई समेत विशेष ध्यान दिईनेछ ।

---

[1] बारेकोट गाउँपालिकाका विषयगत क्षेत्रहरूको नाम नामेसी अनुसूची १ मा उल्लेख गरिएको छ ।

[2] बारेकोट गाउँपालिकाभित्र क्रियाशिल सरकारी निकायको नामनामेसी अनुसूची २ मा उल्लेख गरिएको छ ।

ज. बारेकोट गाउँपालिकाको दीर्घकालीन, आवधिक, वार्षिक र चालु योजना तथा कार्यक्रम मार्फत यो कार्यढाँचाका प्राथमिक कार्य सञ्चालन गर्दा गराउँदा गाउँपालिकाले हरित अर्ततन्त्रको प्रबर्द्धन, गैरसरकारी क्षेत्रसँगको कार्यक्रम साझेदारी जस्ता मोडेल समेत अपनाएर कार्यान्वयन गर्ने गराउनेछ।

झ. गाउँपालिकाका विद्यमान नीतिगत प्रावधानको पुरावलोकन गर्नेछ र यो कार्यढाँचा कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि, मापदण्डजस्ता प्रावधानको तर्जुमा गरी कार्यान्वयन गर्ने गराइनेछ।

## ४.२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि लगानीको न्यूनतम लक्ष

### ४.२.१. सरोकारवाला निकायसँग समन्वय

क. बारेकोट गाउँपालिकाले संबद्ध संघीय निकाय, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति जाजरकोटसँग सम्पर्क, समन्वय र सहकार्य गरी यो कार्याढाँचाको कार्यान्वयन गर्ने गराउने छ।

ख. बारेकोट गाउँपालिकाले नेपाल सरकारको प्रचलित वैदेशिक सहायता परिचालन नीतिको प्रावधानसँग तादात्म्यता हुने गरी विपद् तथा जलवायु उत्थानशीलताका लागि बैदेशिक सहायता परिचालन निर्देशिका, २०७७ र प्रचलित कानून अनुसार विकास साझेदारहरूसँगको सहयोग परिचालन गर्नेछ।

ग. बारेकोट गाउँपालिकाले मानवीयक्षेत्रमा कार्यरत राष्ट्र संगीय निकाय, गैरसरकारी तथा सामाजिक संघ संस्था, निजीक्षेत्र, व्यावसायिक प्रतिष्ठान, प्राज्ञीक निकाय, स्वयंसेवक लगायत संगठित संघ संस्थाहरूबाट मानवीय सहायता परिचालन गरी विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ मा सुचीकृत प्राथमिककार्य र क्रियाकलापलाई कार्यान्वयन गर्ने गराउने छ।

घ. बारेकोट गाउँपालिकामा क्रियाशिल संबद्ध संघीय निकाय, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति जाजरकोट, मानवीयक्षेत्रमा कार्यरत सामाजिक संघ संस्था, निजीक्षेत्र, व्यावसायिक प्रतिष्ठान, प्राज्ञीक निकाय, नागरिक समाज, समुदाय, स्वयंसेवक लगायत सामाजिक तथा संगठित संघ संस्थाहरूबाट कुनै विकास, निर्माण र सार्वजनिक सेवाका कार्यक्रम सञ्चालन गर्दा यो विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ का

प्राथमिक कार्य र क्रियाकलापहरूलाई आत्मसात गरी कार्यान्वयन गर्ने गराउने छन् भन्ने अपेक्षा राखिएको छ।

#### ४.२.२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगानी बजेट

क. बारेकोट गाउँपालिका र यस अन्तरगतका निकायहरूले आ-आफ्नो वार्षिक बजेटमा विपद् तथा जलवायु जोखिम न्यूनीकरणका कार्यलाई मूलप्रबाहीकरण गर्ने गरी विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ मा सुचीकृत प्राथमिक कार्य र क्रियाकलापहरूलाई प्राथमिकतामा राखि नीति, योजना, कार्यक्रम र बजेटको व्यवस्था गर्ने गराउने छन्।

ख. बारेकोट गाउँपालिकामा क्रियाशिल संघीय निकाय र प्रदेश सरकार अन्तरगतका कृषि, पशुसेवा, सडक, सिचाइ, शिक्षा, सञ्चार, विद्युत, स्वास्थ्य, खानेपानी, सामाजिक सुरक्षा, संरक्षण, भूमि व्यवस्थापन र यातायात व्यवस्था लगायतका काम हेर्ने विषयगत कार्यालय, आयोजना तथा मानवीयक्षेत्रमा क्रियाशिल संघ संस्थानहरूले आ-आफ्नो वार्षिक नीति, योजना, बजेट र कार्यक्रम मार्फत विपद् तथा जलवायु जोखिम न्यूनीकरणका कार्यलाई मूलप्रबाहीकरण गर्ने गराउने छन्।

ग. बारेकोट गाउँपालिका स्थित मानवीयक्षेत्रमा क्रियाशिल सामाजिक संघ संस्था, निजीक्षेत्र, व्यावसायिक प्रतिष्ठान, प्राज्ञीक निकाय, नागरिक समाज, स्वयंसेवक लगायत सामाजिक तथा संगठित संघ संस्थाहरूले आ-आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा विपद् तथा जलवायु जोखिम न्यूनीकरणका कार्यलाई मूलप्रबाहीकरण गर्ने गरी यथोचित नीति, योजना, बजेट र कार्यक्रमको व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने छन्।

### ४.३. आवधिक र वार्षिक योजनामा मूलप्रवाहीकरण

#### ४.३.१. विपद् व्यवस्थापन कोष

क. बारेकोट गाउँपालिकामा गाउँपालिकाले जारी गरेको ऐन, नियमको प्रवधान बमोजिम एउटा स्थानीय विपद् व्यवस्थापन कोष रहनेछ। उक्त कोषको परिचालन गर्दा गराउँदा स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ मा सुचीकृत प्राथमिक कार्य र क्रियाकलापलाई प्राथमिकतामा राखि कार्यान्वयन गरिनेछ।

ख. बारेकोट गाउँपालिकाबाट सञ्चालित स्थानीय विपद् व्यवस्थापन कोषको सञ्चालन गर्दा जिल्ला विपद् व्यवस्थापन कोष जाजरकोटसँग समन्वय र सहकार्य गरिनेछ । संघले सञ्चालन गरेको केन्द्रीय विपद् व्यवस्थापन कोष र प्रदेश सरकारले सञ्चालन गरेको प्रदेश विपद् व्यवस्थापन कोषबाट स्थानिय विपद् व्यवस्थापन कोषमा आवश्यक रकमको निकासा लिनका लागि संघले जारी गरेको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७८ बमोजिम गाउँपालिकाले पहल गर्नेछ ।

ग. स्थानीय विपद् व्यवस्थापन कोषमा सङ्कलित रकम विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ मा सुचीकृत प्राथमिक कार्य र क्रियाकलापका अतिरिक्त विपद् तथा जलवायु जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ तथा पुनस्थापना लगायतका कार्यमा परिचालन गरिनेछ ।

### ४.३.२. आवधिक तथा वार्षिक योजनामा मूलप्रवाहीकरण

क. विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ मा सुचीकृत प्राथमिक कार्य र क्रियाकलापको कार्यान्वयन सुनिस्चितताका लागि गाउँपालिकाको दीर्घकालीन, आवधिक र वार्षिक तथा चालुयोजना तर्जुमा गर्दा कार्यढाँचाको प्रावधानलाई ति योजनामा एकाकार गरी योजनाको तर्जुमा गरिनेछ ।

ख. बारेकोट गाउँपालिकाले वार्षिक निति, योजना, बजेट र कार्यक्रम बनाउँदा विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ मा सुचीकृत प्राथमिक कार्य र क्रियाकलापहरूलाई प्राथमिकताका साथ समाहित गरी कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोतको सुनिस्चितताका पहल गरिनेछ ।

ग. माथि “ख” मा उल्लिखित प्रावधानको कार्यान्वयन गर्दा गराउँदा बारेकोट गाउँपालिका स्थित मानवीयक्षेत्रमा क्रियाशिल राष्ट्र संघीय निकाय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संघ संस्था, निजीक्षेत्र, व्यावसायिक प्रतिष्ठान, प्राज्ञीक निकाय, नागरिक समाज, स्वयंसेवक लगायत स्थानीय सामाजिक तथा संगठित संघ संस्थाहरूलाई विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ मा सुचीकृत प्राथमिक कार्य र क्रियाकलापको कार्यान्वयनको लागि परिचालन गर्न सकिनेछ ।

## ४.४. अनुगमन, मुल्याङ्कन र सिकाइ

### ४.४.१. अनुगमन तथा मुल्याङ्कन

क. बारेकोट गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिले यो स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ को कार्यान्वयन स्थितिको अनुगमन गर्नेछ । समितिले अनुगमन गर्दा आवश्यक उप-समितिको गठन गर्न सक्नेछ । उपसमितिको गठन तथा कार्यढाँचाको अनुगमन सम्बन्धी अन्य कुरा स्थानीय विपद् व्यवस्थापन समितिले आफै निर्धारण गर्नेछ ।

ख. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ को कार्यान्वयन अवस्थाको मूल्याङ्कन बारेकोट गाउँकार्यपालिकाले गर्नेछ । बारेकोट गाउँकार्यपालिकाले यो कार्यढाँचाको मूल्याङ्कन गर्दा उप-समितिको गठन गर्न सक्नेछ । उपसमितिको गठन तथा कार्यढाँचाको मूल्याङ्कन सम्बन्धी अन्य कुरा बारेकोट गाउँकार्यपालिकाले आफै निर्धारण गर्नेछ ।

ग. कर्णाली प्रदेश सरकार र संघका संबद्ध निकायले स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ को कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन कार्यमा प्राविधिक सहयोग गर्न सक्नेछ ।

### ४.४.२. सिकाइ र पुनरावलोकन

क. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ को वार्षिक वा आवधिक अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सिकाइ र सुझावलाई बारेकोट गाउँकार्यपालिकाले कार्यढाँचाको पुनरावलोकनको आधारका रूपमा ग्रहण गर्नेछ ।

ख. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको गतिशील र बदलिंदो आयामलाई बारेकोट गाउँकार्यपालिकाले कार्यढाँचाको पुनरावलोकनको आधारका रूपमा ग्रहण गर्नेछ ।

ग. बारेकोट गाउँकार्यपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ को सिकाइ र पुनरावलोकनका आधारहरूलाई संस्थागत अभिलेखमा राख्नेछ ।

घ. बारेकोट गाउँकार्यपालिकाले उपर्युक्त सिकाइ र सुझावका आधारमा हरेक दुई वर्षमा यो स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा, २०८१ को पुनरावलोकन गर्नेछ ।

अनुसूची १

**बारेकोट गाउँपालिकाका विषयगत क्षेत्रको नामनामेसी**

| सि नं | विषयगतक्षेत्र | नेतृत्व गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | खानेपानी, सरसफाई, स्वच्छता प्रवर्द्धन | सामाजिक विकास शाखा | |
| २ | सूचना, खोज तथा उद्धार | सूचना शाखा | |
| ३ | खाद्य र कृषि | कृषि शाखा | |
| ४ | आपत्कालीन आश्रय तथा गैरखाद्य | नेपाल रेडक्रस सोसाईटीको स्थानीय च्याप्टर | |
| ५ | स्वास्थ्य तथा पोषण | स्वास्थ्य शाखा | |
| ६ | आपत्कालीन संरक्षण | महिला तथा बालवालिका शाखा | |
| ७ | आपत्कालीन शिक्षा | शिक्षा शाखा | |
| ८ | शीघ्र पुनर्लाभ | प्राविधिक शाखा | |

अनुसूची २

## बारेकोट गाउँपालिकाका विषयगत निकायको नाम-नामेसी

| सि नं | विषयगत निकाय | नेतृत्व गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | शिक्षा | शिक्षा शाखा | |
| २ | स्वास्थ्य | स्वास्थ्य शाखा | |
| ३ | प्रशासन | प्रशासन शाखा | |
| ४ | पञ्जिकरण | पञ्जिकरण शाखा | |
| ५ | योजना | योजना तथा अनुगमन शाखा | |
| ६ | महिला तथा बालबालिका | महिला तथा बालवालिका शाखा | |
| ७ | पूर्वाधार | पूर्वाधार शाखा | |
| ८ | बन्दोवस्ति\जिन्सी | जिन्सी शाखा | |
| ९ | सूचना प्रविधि | सूचना शाखा | |
| १० | विपद् व्यवस्थापन | विपद् शाखा | |
| ११ | कृषि | कृषि शाखा | |
| १२ | पशु | पशु शाखा | |
| १३ | आयुर्वेदिक | आयुर्वेदिक शाखा | |
| १४ | राजस्व | राजस्व शाखा | |